सवारीसाधन व्यवस्थापनका लागि अनुरोध
- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दूरीका बसहरू गोंगबुस्थित नयाँ बसपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्णरूपले पालना गरौं।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रीवाहक सवारी साधन रोक्ने, यात्री चढ्ने र ओर्लने गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन ११ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 23 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७५

## पाँच सय शय्या नारायणी अस्पताल निर्माणको मुद्दा सर्वोच्चमा विचाराधीन

# भौतिक संरचनाको अभावमा बिरामीले दुःख भोग्दै

प्रस, वीरगंज, १० फागुन/

नारायणी अस्पताललाई ५०० शय्या बनाउने सरकारको योजना अहिले अदालतमा विचाराधीन छ।

शहरी विकास तथा भवन निर्माण विभागले ५०० शय्याको अस्पताल निर्माणको लागि २०७६/१/८ मा पहिलोपटक बोलपत्र आह्वान गरेको थियो। यो बोलपत्रमा ठेकेदार कम्पनीले पेश गरेको कागजातमा भौचरमा नाम फरक भएको भन्दै ठेक्का रद्द गरिएको थियो। र अर्को बोलपत्र आह्वान गरेको थियो। यो बीचमा ठेकेदार कम्पनीले उच्च अदालतमा रिट दिएको थियो र अदालतले २०७७/७/१७ मा दोस्रोपटक गरेको बोलपत्र आह्वान रद्द गर्न आदेश गरेको थियो।

यो आदेशविरुद्ध शहरी विकास तथा भवन निर्माण विभागले सर्वोच्च अदालतमा २०७७/९/२ मा निवेदन दर्ता गरेको थियो। अहिले यो मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ। अस्पतालको भौतिक संरचना निर्माण गर्ने विषयमा विभाग र ठेकेदारबीचको विवादले नारायणी अस्पताललाई ५०० शय्याको बनाउने योजना ओझेलमा परेको छ।

दुई अर्ब रुपैयाँको लागतमा ५०० शय्याको अस्पताल बनाउने ठेक्का भएको थियो। हाल नारायणी अस्पताल २५० शय्याको स्वीकृत भएर सञ्चालन भएपनि बिरामीको अत्यधिक चापका कारण ४०० शय्यामा सञ्चालन



भइरहेको नारायणी अस्पतालका प्रवक्ता डा उदयनारायण सिंह बताउँछन्।

अस्पतालको भौतिक संरचनामा सुधार नभएका कारण अहिले नारायणी अस्पतालको सेवा कारण प्रभावित हुँदै आएको छ। ५०० शय्याको अस्पताल निर्माण योजनासँगै नारायणी अस्पतालमा निर्मित ५० शय्याको आकस्मिक कक्ष ओझेलमा परेको छ। ५०० शय्याको अस्पताल निर्माण हुने पुरानो महेन्द्र आरोग्य भवनदेखि उत्तरतर्फ ५० शय्याको आकस्मिक कक्ष निर्माण भइसकेको छ तर सञ्चालनमा आउन सकेको छैन।

सञ्चालनमा आउन नसक्नुको कारण ५०० शय्याको अस्पताल तोकिएको स्थानमा निर्माण नहुनु हो। पुरानो भौतिक संरचना सडकदेखि पूर्व प्रसूतिगृहमा नारायणी अस्पतालको ओपिडी, प्रयोगशाला, भिडियो एक्स-रे, एक्स-रे, आँखा, दन्तबाहेकका सेवा सञ्चालनमा छन्। प्रसूतिगृहमा अहिले जनरल, आकस्मिक, प्रसूति, मेडिकल, सर्जिकल, अर्थोपेडिक, बाल, बहिरङ्ग, आइसियू, पिआइसियू, एनआइसियू, सिसियू, डायलासिस, पोषण, जेरियाट्रिक, सिटिस्क्यान, एमआरआई, युएसडी सेवा सञ्चालन छन्।

धेरैजसो सेवा प्रसूतिगृहमा सञ्चालन भइरहेका र नयाँ भौतिक संरचना पुरानो महेन्द्र आरोग्य भवन रहेको क्षेत्रमा निर्माण गर्ने उद्देश्य रहेकोले अस्पतालको सञ्चालन विधिमा व्यवधान आएको हो।

५० शय्याको आकस्मिक कक्ष सडकदेखि पश्चिमपट्टि रहेको र सबै सेवा सडकदेखि पूर्वपट्टि रहेकाले बिरामीहरूलाई सडक वारि र पारि गर्नुपर्ने हुँदा नयाँ आकस्मिक कक्ष सञ्चालनमा आउन नसकेको प्रवक्ता डा सिंहले बताए।

अहिले बिरामीहरूले बहिरङ्ग सेवाको लागि सडकदेखि पश्चिमपट्टि पुरानो महेन्द्र आरोग्य भवन रहेको परिसरबाट सेवा लिनुपरिरहेको र भर्नाको लागि सडकदेखि पूर्वतर्फ प्रसूति गृहमा जानुपर्ने अवस्था छ।

यसैगरी, औषधिको लागि पनि पूर्वतर्फ प्रसूतिगृहमा जानुपर्ने अवस्था छ। भौतिक संरचना एकै ठाउँमा नहुँदा बिरामीहरूलाई सडक वारि र पारी गर्नुपर्ने समस्या छ। सिकिस्त बिरामीहरूको भर्ना क्रममा झनै समस्या हुने गरेको छ। सडकपूर्व पुरानो आकस्मिक कक्षमा भर्ना गर्नुपर्ने, भिडियो एक्स-रे, एक्स-रे, प्रयोगशालाको लागि सडकदेखि पश्चिमतर्फ आउनुपर्ने र फेरि भर्नाको लागि प्रसूतिगृहमा जानुपर्ने समस्या रहेको र यस क्रममा कतिपय सिकिस्त बिरामीहरूको मृत्यु पनि भइसकेको छ।

नारायणी अस्पतालको नयाँ भौतिक संरचना निर्माणको लागि स्थानीय राजनीतिक दलका नेता, जनप्रतिनिधिहरू उदासीन देखिएका छन्, जसले गर्दा अहिलेसम्म यो मुद्दा अदालतमा विचाराधीन छ।

## १५ महिलासहित १०४ जनाद्वारा रक्तदान




प्रस, निजगढ, १० फागुन/

राष्ट्रिय युवा सङ्घ नेपाल, निजगढ नगरकमिटीको आयोजनामा बिहीवार रक्तदान कार्यक्रम सम्पन्न भएको छ। शहीदचोक, निजगढमा आयोजित रक्तदान कार्यक्रममा १५ जना महिलासहित १०४ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए।

कार्यक्रममा सुनीता सापकोटा, रोशिना गौतम, जानु विश्वकर्मा, वर्षा अधिकारी, स्वस्तिका थापा, सुनीता श्रेष्ठ, विपिनराज पौडेल, नवराज बजगाईं, दिनेश तुलाधर, ध्रुव विश्वकर्मा, रमेश सिग्देल, भोला ढुङ्गाना, अविनाश चौधरी, सुमन पौडेल, सूर्य मगरलगायतले रक्तदान गरेका थिए।

## हतियारसहित दुईजना पक्राउ

प्रस, वीरगंज, १० फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्साले हतियारसहित दुईजनालाई पक्राउ गरेको छ।

बुधवार राति १०:३० बजे बहुदरमाई नगरपालिका-९ सडकखण्डमा सवारीसाधनहरू चेकजाँच गर्ने क्रममा ना.१२प ४९७१ नम्बरको मोटरसाइकलमा सवार कालिकामाई गाउँपालिका-५ बस्ने ४३ वर्षीय दीपेन्द्र गिरी र पोखरिया नगरपालिका-९ बस्ने ३७ वर्षीय शिवपूजन मुखियालाई हतियारसहित पक्राउ गरेको हो।

गिरीको साथबाट एक थान नलकटुवा पेस्तोल बरामद भएको प्रहरीले जनाएको छ। दुवैजनाविरुद्ध हातहतियारसम्बन्धी कसूरमा अनुसन्धान भइरहेको जिप्रका, पर्साले जनाएको छ।

## मधेस प्रदेशमा सात महीनामा २९० जनाको मृत्यु

# १२ करोड बढी राजस्व सङ्कलन

गम्भीरा सहनी, जीतपुर, १० फागुन/

चालू आवको सात महीनामा सवारी दुर्घटनामा परी मधेस प्रदेशमा २९० जनाको मृत्यु भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन



जीतपुरसिमरा उपमनपा-७ सडकखण्डमा ट्राफिक नियमसम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्दै ट्राफिक प्रहरी। तस्वीरः सौजन्य

कार्यालय, पथलैयाले जनाएको छ।

आव २०८०/८१ को साउनदेखि माघसम्म सात महीनाको अवधिमा मधेस प्रदेशमा तीन हजार ६१२ वटा सवारी दुर्घटनामा परी २९० जनाको मृत्यु भएको र पाँच हजार ७२६ जना घाइते भएका दुर्घटनामा परी पाँच हजार ७२६ जना घाइते भएका ट्राफिक प्रहरी उपरीक्षक भीमकिरण बोगटीले बताए।

प्रउ बोगटीका अनुसार सो अवधिमा सप्तरीमा ३५३ वटा सवारी दुर्घटनामा २२ जनाको मृत्यु भएको थियो भने ५५२ जना घाइते भएका छन्। यस्तै, सिराहामा ६७९ वटा दुर्घटनामा ३३ जनाले ज्यान गुमाए भने एक हजार ७५ जना घाइते भएका थिए। धनुषामा ६९५ वटा दुर्घटनामा ४४ जनाको मृत्यु भएको थियो भने एक हजार ८५ जना घाइते भएका थिए। महोत्तरीमा २८१ वटा दुर्घटनामा ३८ जनाको मृत्यु र ४२६ जना घाइते, सर्लाहीमा ४१२ वटा दुर्घटनामा ३७ जनाको मृत्यु र ६६५ जना घाइते, रौतहटमा ३५८ वटा दुर्घटनामा ३० जनाको मृत्यु र ५५९ जना घाइते, बारामा ५४७ वटा दुर्घटनामा ५६ जनाको मृत्यु र ९५३ जना घाइते तथा पर्सामा २८७ वटा दुर्घटनामा ३० जनाको मृत्यु र ४११ जना घाइते भएका प्रउ बोगटीले बताए।

यसै अवधिमा प्रहरीले एक लाख ४१ हजार १३१ वटा सवारीसाधनलाई कारबाई गर्ने क्रममा १२ करोड सात लाख ८७ हजार ७०२ रुपैयाँ जरिवाना असुल गरेको छ।

साउनदेखि माघसम्म सात महीनामा ट्राफिक प्रहरी, पथलैयाले ११ हजार ६६८ वटा सवारीसाधनलाई कारबाई गरी एक करोड ३६ लाख ८० हजार जरिवाना असुल गरेको छ भने ट्राफिक प्रहरी कार्यालय, सप्तरीले १३ हजार ९१८ वटा सवारीसाधनलाई कारबाई गरी ९८ लाख १२ हजार एक सय जरिवाना असुल गरेको छ। त्यस्तै, ट्राफिक प्रहरी कार्यालय सिराहाले १८ हजार ७०१ वटा सवारीसाधनबाट एक करोड ५१ लाख ७० हजार १००, धनुषाले १६ हजार ४१० सवारीसाधनबाट एक करोड चौबीस लाख ३९ हजार ५००, महोत्तरीले १९ हजार ९७५ सवारीसाधनबाट एक करोड ७१ लाख ९५ हजार २५०, सर्लाहीले १४ हजार ९९६ वटा सवारीसाधनबाट एक करोड ३२ लाख नौ हजार ५००, रौतहटले १२ हजार ७३७ सवारीसाधनबाट एक करोड १० लाख ६५ हजार ५००, बाराले १९ हजार ७९९ वटा सवारीसाधनबाट एक करोड ६३ लाख १५ हजार, पर्साले १२ हजार ९२७ वटा सवारीसाधनबाट एक करोड २९ लाख ७५२ गरी कुल सात महीनामा १२ करोड सात लाख ८७ हजार ७०२ जरिवाना असुल गरेको ट्राफिक प्रउ बोगटीले बताए।

प्रउ बोगटीका अनुसार जरिवाना असुली आफूहरूको उद्देश्य नरहेको बताए। उनले सवारी दुर्घटना न्यूनीकरण गर्नु नै ट्राफिक प्रहरीको प्रमुख लक्ष्य रहेको र सवारी नियम पालना गराउने क्रममा चालकहरूलाई जरिवाना गर्नुपर्ने बाध्यता रहेको बताए। यसै अवधिमा छ हजार १५४ वटा ट्राफिक नियमसम्बन्धी जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको उनले बताए।

## हजुरआमाको काजक्रिया गर्दै नाबालिका दिदीबहिनी

प्रस, परवानीपुर, १० फागुन।

धोबिनी गाउँपालिका-४ लङ्डीकी दुईजना नाबालिका दिदीबहिनी यतिबेला हजुरआमाको काजक्रियाका लागि गाउँटोल चहारिरहेका छन्। आर्थिक अवस्था निकै जर्जर रहेको र आमाबुबालगायत आफन्त कोही नभएपछि दुवै दिदीबहिनी सहयोगको लागि गाउँटोल भौंतारिरहेका हुन्।

१० वर्षीया प्रियङ्काकुमारी ठाकुर र सात वर्षीया मनीषा कुमारीका आमाबुबाको आठ वर्ष पहिले मृत्यु भएको थियो। त्यसपछि उनीहरू वृद्ध



हजुरआमासँग बस्दै आएका थिए तर फागुन ३ गते हजुरआमाको पनि मृत्यु भएपछि अहिले दुवैजना टुहुरा भएका छन्।

लङ्डीमा फुसको जर्जर झुपडीमा बस्दै आएका दुवैजना यतिबेला हजुरआमाको काजक्रियाको लागि रकमको खोजीमा छन्। प्रियङ्काले आँखाबाट आँसु झार्दै भनिन्- "भाग्यले पनि हामीलाई ठगेको छ। आमाबुबाको निधन भएपछि हजुरआमाले जसोतसो पाल्दै आउनुभएको थियो तर उहाँको पनि मृत्यु भयो। हाम्रो यस संसारमा हजुरआमाबाहेक कोही नभएकाले मैले नै मुखाग्नि दिएँ। क्रिया बसेकी छु र श्राद्धको लागि सहयोगको अपेक्षा राखेको छु।"

हजुरआमाको श्राद्ध फागुन १५ गते मङ्गलवार परेको र आफूसँग एक सुको पनि नभएको प्रियङ्काले बताइन्।

आमाको माइत अर्थात् मामाघरमा बस्दै आएका उनीहरूको हजुरआमाको नाममा रहेको सो झोपडीबाहेक खेतबारी छैन।



हजुरआमाको क्रिया गर्दै दिदीबहिनी

प्रियङ्का र मनीषा सानै छँदा बुबा छेदी ठाकुरको ३० वर्षको उमेरमा मृत्यु भएको थियो। बुबा कमाउन बाहिर गएको बेला उनको अज्ञात समूहले हत्या गरेको प्रियङ्का बताउँछिन्। आफूले बुबाको शवसमेत हेर्न नपाएको उनी बताउँछिन्। बुबाको मृत्यु भएको केही समयपछि आमाको पनि मृत्यु भयो। त्यसपछि उनीहरू हजुरआमासँगै बस्दै आएका थिए। हजुरआमाले गाउँघरमा मागेर दुईजना नातिनीको भरणपोषण गर्दै आइरहेकी थिइन्। तर फागुन ३ गते हजुरआमाको पनि निधन भएपछि उनीहरू दुवैजना टुहुरा भए। उनीहरूको कोही आफन्त पनि नभएपछि सहयोगको लागि गाउँटोलमा भौंतारिरहेका छन्। हजुरआमाको छोरा नभएकोले १० वर्षीया प्रियङ्काले हजुरआमालाई मुखाग्नि दिएर काजक्रिया गरिरहेकी छन् र उनीहरूले सहयोगको अपेक्षा पनि गरेका छन्।

## विचारसार र सूक्तिहरू

**हेर्ने नजर राम्रो छ भने जीवन जहिले पनि सुन्दर लाग्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# सुरक्षाको लागि तारबार

**पर्सा, बारा र रौतहटमा बाघको आक्रमण बढ्दो छ। पर्साको जङ्गल क्षेत्रसँग जोडिएका ठोरी, पटेर्वासुगौली, जीराभवानी, जगरनाथपुर र पर्सागढी नगरपालिकामा बाघलगायतका जङ्गली जनावरहरूको आक्रमण नौलो होइन। ठोरी र पटेर्वासुगौली गापामा बाघको आक्रमणबाट मानिसको मृत्यु पनि भएको छ। बारा र रौतहटमा पनि बाघद्वारा पशु चौपाया र मानिसमाथि आक्रमण बढ्दो छ। फागुन ९ गते बुधवारको घटना हो, रौतहटका दुईजना युवा पूर्व–पश्चिम लोकमार्ग भएर पथलैयाबाट रौतहट घर फर्कने क्रममा बाघको आक्रमणमा परे। मोटरसाइकलको पछाडि बसेका एकजनालाई बाघले झम्टेपछि मोटरसाइकलको सन्तुलन बिग्रिएर चालकसमेत दुवैजना घाइते भए। उनीहरूको उपचार निजगढमा भएको थियो। केही दिनअघि निजगढ नगरपालिका–११ रतनपुर चौकीसँगै जोडिएको गोठमा बाँधिएर राखिएको जर्सी गाई र पाडीलाई आक्रमण गरी बाघले मारेको थियो। निजगढ नपा–१० देखि १३ सम्म लाल, रतनपुर, चीसापानी, घैयाखोरिया, बुङजोर, रामथली, बारथली, कुलिया, डम्बरपुर र नयाँ बानेश्वरमा बाघको आतङ्क छ। त्यहाँ पशु चौपायामाथि बाघको आक्रमण निरन्तर हुँदै आएको छ।**

**अहिले बाघको आतङ्क बढेको पर्सा र बाराको क्षेत्र पर्सा राष्ट्रिय निकुञ्जको विस्तारित क्षेत्र हुन्। निकुञ्ज विस्तार हुनुअघि १८ वटा बाघ थिए भने अहिले ४१ वटा पुगेको सन् २०१८ को बाघ गणनाको तथ्याङ्कले देखाएको छ। बाघको आक्रमण बढेसँगै सुरक्षित भई बस्न निकुञ्ज कार्यालयका कर्मचारीहरूले स्थानीयलाई सजग बनाउँदै केही स्थानमा क्यामेरा जडान गरेर बाघको गतिविधि निगरानी शुरू पनि गरेका छन्। पहिले निकुञ्जको कुल क्षेत्रफल ४९९ वर्ग किलोमिटर थियो भने अहिले वन क्षेत्र थप गरिएपछि ६२७ वर्ग किलोमिटरमा निकुञ्ज विस्तार भएको छ। निकुञ्जको वन क्षेत्र बस्ती आसपास फैलिएसँगै बाघ, हात्ती, चितुवा, भालु जस्ता वन्यजन्तुको आतङ्क पनि बढेको छ। वन क्षेत्र विस्तार भएको र पुरानो क्षेत्रमा निकुञ्जले तारबार लगाएर जङ्गली जनावर मानवबस्ती र राजमार्गमा प्रवेश नगरून् भन्नेतर्फ चुस्त पहल गरेको छैन। बाराको अमलेखगंजदेखि पथलैयासम्म र पथलैयादेखि निजगढसम्मको वन क्षेत्र प्राय: खुला छ र यो क्षेत्रमा सवारीसाधनको ठक्करबाट जङ्गली जनावरहरू मर्ने र घाइते हुँदै आएका छन् भने जङ्गली जनावरबाट पनि बेलाबखत आक्रमण हुँदै आएको छ।**

**जङ्गली जनावरहरूको संरक्षणको जिम्मेवारी निकुञ्जको हो। यसैगरी, जङ्गली जनावरहरूबाट मानवबस्तीमा क्षति नहोस् भन्नेतर्फको जिम्मेवारी पनि निकुञ्जकै हो। पर्सा जिल्लामा चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जको वन क्षेत्र पर्छ। बारामा भने पर्सा राष्ट्रिय निकुञ्ज मात्र पर्छ। चितवन राष्ट्रिय निकुञ्जले पर्सा जिल्लाका मानवबस्ती जङ्गली जनावरहरूको उपद्रोको शिकार नहोस् भनेर वन क्षेत्रसँग जोडिएका मानवबस्तीमा विद्युतीय तारबारको व्यवस्था गरेको छ भने केहीमा तारबार लगाएको छ। पर्सा राष्ट्रिय निकुञ्जले पनि यो क्षेत्रमा केही विद्युतीय तारबार लगाएको छ तर अधिकांश वन क्षेत्र तारबारविहीन भएकाले जङ्गली जनावरको उपद्रो कम भएको छैन। बाराको एकाध स्थानमा मात्र तारबार लगाइएको छ। निकुञ्ज क्षेत्रले ओगटेको वन क्षेत्रको मानवबस्ती र राजमार्ग क्षेत्रमा तारबारको व्यवस्था गरेमा मानवबस्ती, सवारीसाधन र जङ्गली जनावरहरू पनि सुरक्षित हुने थिए।**

# औचित्यको कसीमा मधेस सरकार

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**आम सञ्चार प्राधिकरण गठन भएको तीन वर्षभन्दा बढी समय बितिसक्दा पनि आवश्यक कार्यविधि र निर्देशिका अभावमा प्रभावकारीरूपमा सञ्चालन हुन सकेको छैन। यसको आवश्यकता किन पर्‍यो ? यसको औचित्य के ? आजसम्म प्रस्ट हुन सकेको छैन।**

नेपालमा सङ्घीयताको औचित्यमाथि धेरै स्तरबाट प्रश्न उठिरहेको अवस्थामा यसको आवश्यकता र महत्त्वबारे जनमानसलाई सम्झाउने–बुझाउने प्रयास भएको छैन। मधेस केन्द्रित राजनीतिक दलहरूको अभीष्ट, लक्ष्य केवल सत्ता मात्रै भएपछि यो आलोचनाको विषय बन्नु अस्वाभाविक होइन। मधेस प्रदेश सरकारमा सामेल जनमत पार्टीले आफ्नै सरकारमाथि भ्रष्टाचार गरेको दर्जनौं आरोप लगाएर सत्ताबाट हटाइएको कारण पनि मधेस प्रदेश सरकारको नियत र निष्ठामाथि प्रश्नचिह्न तेर्सिएको छ। विगत छ वर्षमा मधेस प्रदेश सरकारले जथाभावी आयोग गठन गर्नु, आफ्ना नेता र कार्यकर्ताहरूलाई भर्ती गर्नु, औचित्य पुष्टि नभएपछि विघटनको तयारी गर्नु जनादेशको अपमान त हो नै, सङ्घीयताको मूल्य एवं मान्यताको अवमूल्यन पनि हो। अकारण आर्थिक अपव्यय गरेर मधेसको जनतालाई थप कङ्गाल बनाउनु दुर्भाग्यपूर्ण हो।

योजना, सही व्यवस्थापन र सार्थक रणनीतिविना स्थापना गरिएका मधेस प्रदेशका आयोग तथा प्रतिष्ठानहरू कम समयमैं औचित्यहीन बन्न पुगेका छन्। शायद त्यही भएर होला प्रदेश संरचना पुनर्गठन कार्यदलको प्रतिवेदन अनुसार जनलोकपाल आयोग खारेज गरी प्रदेश सुशासन विधेयक ल्याउने र प्रदेश आम सञ्चार प्राधिकरण र चलचित्र प्रवर्द्धन बोर्डलाई मर्ज गर्ने तयारी भइरहेको छ। अब यो प्रश्न उठ्नु स्वाभाविक हुन जान्छ कि जनलोकपालको गठन नै किन भएको थियो ? यदि कर्मचारी थिएन, भौतिक पूर्वाधारको व्यवस्था भएको थिएन, विधेयक बनेको थिएन, कानून बन्न सकेन भने आयोग गठन किन गरियो ? प्रदेश सरकारको भ्रष्टाचारको छानबीन पक्कै पनि जनलोकपाल आयोगले गर्ने थिएन। बर्दिवासमा अख्तियार दुरुपयोग अनुसन्धानको कार्यालय छ। पर्सा, बारा, र रौतहटका कतिपयले हेटौंडा कार्यालयमा पनि उजूरी दर्ता गराएका छन् भने केन्द्रीय कार्यालय, काठमाडौंमा पनि उजूरी दर्ता गराउनेहरू कम छैनन्। तसर्थ प्रदेश लोकपाल आयोगको गठनको औचित्य थिएन। आठ जिल्लाको मधेस प्रदेश छ। प्रत्येक जिल्लाबाट दुईजना मन्त्री छन्। साप्ताहिकरूपमा आफ्नो मन्त्रालय मातहतका कार्यालयको भ्रमण अनुगमन गर्ने गर्दछन्। कर्मचारीभन्दा बढी सङ्ख्यामा पार्टीका कार्यकर्ताहरू कार्यालय ओगटेर बसेका हुन्छन्। प्रदेश लोकपालको गठन केवल आफ्ना बेरोजगार कार्यकर्ताहरूको असन्तुष्टिलाई शान्त गर्नका लागि भएको थियो। तलब भत्ता खानेबाहेक अन्य कुनै उल्लेख्य काम भएन, हुन पनि सक्दैनथ्यो। न कार्यालय प्रमुख, न लेखा अधिकृत, न आवश्यक सङ्ख्यामा कर्मचारी नै छन्।

एकातिर काम नै गर्न नसक्ने अर्कोतिर त्यसमाथि सोही प्रकृतिको अर्को संस्था गठन गर्नुले कार्यकर्ता व्यवस्थापनको उद्देश्य मात्र पूर्ति हुन्छ। सङ्घीयतालाई संस्थागत गर्ने नाममा सत्तापक्षले आवश्यकता र औचित्य नै नबुझी हचुवाका भरमा कार्यकर्ता व्यवस्थापन गर्न यस्ता निकाय गठन गरेका छन्। यसरी गठन गरिएका त्यस्ता आयोग, प्रतिष्ठान, समिति तथा बोर्डहरूले बर्सेनि करोडौं खर्च गरे पनि खर्च अनुसारको लाभ दिन सकिरहेका छैनन्। त्यस्ता आयोग र प्रतिष्ठानलाई काम गर्ने वातावरण बनाइदिन प्रदेश सरकारले वर्षौंसम्म कानूनी अप्ठ्यारा सल्टाउने प्रयास नगर्दा ती निकायको औचित्यमाथि नै प्रश्न उठ्न थालेको छ। सबै प्रतिष्ठान र आयोगमा नियुक्त गरिएका पदाधिकारीको सेवा सुविधामा मात्रै प्रदेश सरकारले वार्षिक करोडौं रकम खर्च गरिरहेको छ तर ती संस्थाहरूले गरेका क्रियाकलाप उपलब्धिमूलक हुन नसकेको स्वयं सरकारका प्रतिनिधिहरूले नै स्वीकार गरेका छन्। लक्ष्य अनुसार काम हुन नसक्दा त्यस्ता संस्था सत्तापक्षले आफ्ना कार्यकर्ता भरणपोषण केन्द्रका रूपमा विकास गरिरहेको आरोप लाग्ने गरेको छ। मधेस प्रदेशमा बन्द रहेका जनकपुर चुरोट कारखाना, वीरगंज चिनी कारखाना, कृषि औजार कारखाना र रौतहटको श्रीराम सुगर मिल सञ्चालनका लागि प्रदेश सरकारले पहल गर्न सकेको छैन।

प्रदेश तथा प्रदेशभित्रका स्थानीय तहमा हुने आर्थिक अनियमितताको खोजबीन अनुसन्धान गरी आर्थिक सुशासन कायम गर्ने उद्देश्यले गठित यस आयोगले अहिलेसम्म सामान्य उजूरीमाथि अनुसन्धान गर्ने क्षमता बनाएको छैन। यो आरोप स्वतन्त्र विश्लेषकहरूको त छ नै, स्वयं लोकपाल आयोगकै जिम्मेवार व्यक्तिको गुनासो पनि रहेको छ।

मधेस प्रदेशका लोक, संस्कृति तथा कलाकारको संरक्षण संवर्द्धन गर्न गठन गरिएको चलचित्र लोकसञ्चार प्रवर्द्धन बोर्ड कार्यविधि निर्देशिकाको अभावमा औचित्यहीन बन्दा प्रभावकारीरूपमा सञ्चालन हुन सकेको छैन। मधेस प्रदेश प्रज्ञा प्रतिष्ठान गठनमा भएका अध्यक्ष लगायतका अनेकौं सदस्यहरूको पृष्ठभूमि पनि विगतमा ठूला दलहरूको निम्ति काम गरेको अनुभव छ। मधेसवादी दलहरूमा कायम सङ्कीर्ण जातीय सोच, पूर्वाग्रही मानसिकता एवं दलीय परिधिको घेराबाट बाहिर आएर सोच्न नसक्ने अवस्थाका कारण मधेस प्रदेशमा साहित्य, शिक्षा, संस्कृति, कलालगायत क्षेत्रमा निष्ठापूर्वक काम गर्दै आएकाहरू उपेक्षित हुने क्रम रोकिएको छैन। केवल जनकपुर र राजविराज वरिपरि मात्रै सबैथोक देख्ने अहङ्कारका कारण पनि मधेस प्रदेशका बाँकी जिल्लाको अवस्थामा तात्त्विक भिन्नता आएको छैन। मधेस आन्दोलनमा शहादत दिने र त्याग गर्नेहरू यी दुई जिल्लाबाहेकका पनि छन्। अहिलेसम्म मधेस प्रज्ञा प्रतिष्ठानद्वारा एक–दुईवटा विचार गोष्ठीबाहेक थप केही काम पनि भएको छैन।

आम सञ्चार प्राधिकरण गठन भएको तीन वर्षभन्दा बढी समय बितिसक्दा पनि आवश्यक कार्यविधि र निर्देशिका अभावमा प्रभावकारीरूपमा सञ्चालन हुन सकेको छैन। यसको आवश्यकता किन पर्‍यो ? यसको औचित्य के ? आजसम्म प्रस्ट हुन सकेको छैन। वर्षमा एक–दुईवटा गोष्ठी गर्ने, पार्टीका नेताहरूलाई बोलाउने, गोष्ठीको विषय पनि राजनीति नै हुने र राजनीतिक भाषण सुन्ने–सुनाउनेबाहेक थप कुनै काम भएको पाइँदैन।

आर्थिक, सामाजिक, शैक्षिकरूपमा पछाडि परेका दलित समुदायको समग्र विकासका लागि गठन गरिएको दलित विकास समिति गठन भएको दुई वर्षसम्म पनि उपलब्धिशून्य छ। कार्यविधिको अभावमा काम गर्न नसकेको गुनासो समितिका अध्यक्ष रामप्रवेश बैठाको रहेको छ। वर्षमा एकपटक गोष्ठी गर्ने तर नियमितरूपमा समितिका पदाधिकारीहरूले सेवा सुविधा लिने क्रम रोकिएको छैन। अहिलेसम्म यसका पदाधिकारी र सदस्यहरूको तलब भत्तामैं दुई करोडभन्दा बढी खर्च भएको छ। दलित समुदायको आर्थिक विकासका लागि कुनै काम भएको छैन।

मिडिया काउन्सिलले बनाएको पत्रकार आचारसंहिता प्रेस काउन्सिल नेपालले बनाएकैजस्तो भएर नक्कल गरेको भन्दै आलोचना हुन थालेको छ। स्थानीय लोक, संस्कृति तथा कलाकारको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेश सरकारले गठन गरेको चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन गठन भएको तीन वर्ष बितिसक्दा पनि आवश्यक कार्यविधि र निर्देशिकाको अभावमा प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन। जब यो बोर्ड गठन भइसकेको थियो भने मधेस प्रज्ञा प्रतिष्ठानको कुनै औचित्य नै थिएन। आखिर मधेस प्रज्ञा प्रतिष्ठानको काम भनेको पनि भाषा, साहित्य, कला, संस्कृति, कलाकारको संरक्षण र प्रवर्द्धन गर्नु नै हो। समान उद्देश्यका लागि फरक फरक बोर्ड र प्रतिष्ठान गठन गर्नुको औचित्य देखिंदैन। मधेस मिडिया काउन्सिल र आम सञ्चार प्राधिकरणको काम र उद्देश्य पनि समान छ। केवल आफ्ना समर्थक र कार्यकर्ताहरूको भर्ती केन्द्र खडा गर्ने मनसायले थरीथरीका आयोग गठन भइरहेका छन्। प्रदेश सरकारको मातहत रहेको शिक्षा र स्वास्थ्यको अवस्था पनि दयनीय नै छ। वन, जङ्गल, सिंचाइ, कृषि क्षेत्रका अधिकांश काम कागजमैं सीमित छन्। विगत छ वर्षमा प्रदेश सरकारले जाबो एउटा भाषा नीति बनाउन सकेको छैन। आफ्नो अकर्मण्यता र असफलताका लागि केन्द्रमाथि दोषारोपण गर्ने काम मात्रै यसले गरेको छ।

# जिब्रोको स्वाद र मोटोपनको समस्या

स्वास्थ्य



**डा अरुणा उप्रेती**

**मध्यमवर्गीय परिवारमा मात्र होइन, गाउँका मानिसहरूमा पनि विभिन्न किसिमका चाउचाउ, चिप्स आदिले गर्दा मोटोपनको समस्या बढ्न थालेको छ। मोटोपनको समस्याले गर्दा हुने समस्याले जीवनका धेरै क्षेत्रमा प्रभाव पार्छ। अकालमैं मृत्युको मुखमा पुर्‍याउँछ भन्ने जान्दाजान्दै पनि मानिसले किन जिब्रोको स्वाद रोक्न नसकेको होला ?**

दुई वर्षअघि एक पत्रकार साथीलाई भेट्दा मैले भनेकी थिएँ, “तपाईं निकै मोटाउनुभएको छ, भुँडी पनि निकै बढेको छ, यसले त स्वास्थ्यलाई खतरा हुन्छ है।” उनले त्यो बेला भनेका थिए, “तौल घटाउन कोशिश गर्दैछु।” केही दिनअघि उनीसँग पुन: जम्काभेट भयो। उनको अगाडि आएको ठूलो भुँडी त स्याप्पै घटेछ, उनको उमेर नै पाँच/सात वर्ष कम भएजस्तो देखिन्थ्यो र भनें, “तपाईंले त के चमत्कार गर्नुभयो यस्तो। निकै राम्रो स्वास्थ्य भएछ नि ! कतै गएर पेटको शल्यक्रिया गरेर आउनुभएको त होइन ?”

ठट्टा गरेर भनेको यो प्रश्नलाई उनले गम्भीर भएर जवाफ दिए, “होइन होइन, मैले मेरो भुँडीवरिपरिको १५ किलो त योग, हिंडाइ र खानामा कमी गरेर घटाएको हुँ। दुब्लोबाट मोटो हुन त सजिलो हुँदोरहेछ तर एकचोटि बोसो लागेपछि त घट्न पो गाह्रो हुने रहेछ। जब मैले अनुभव गरें कि मेरा लुगाहरू त कसिएर लगाउनै नहुने भए, अलिकता हिंड्दा स्वाँस्वाँ हुन थाल्यो। अनि त तौल घटाउने निर्णय गरेर कसिएर लागेपछि सफल पनि भएँ।”

त्यसैगरी, नक्सालकी पारू श्रेष्ठ (३३ वर्षीया)ले पनि आफ्नो तौल ७५ किलोबाट ६० किलो (१० महीनाभित्र) झारेकी थिइन्। उनी विवाहअघि ५६ किलोकी थिइन्। अग्ली, पातली पारू सुन्दर देखिन्थिन् तर विवाहपछि उनको खाने क्रम बढ्न थाल्यो। बच्चा पाएपछि त झन् चाकु, घ्यू, मासु, अन्डा आदिले गर्दा उनको जीउ त फैलिंदै गयो। उनका बुबा ३० वर्ष नपुदै मधुमेहले बित्नुभएको थियो। आमा र बहिनी दुवै मधुमेहको औषधि खाने गरेका छन्।

पारूलाई भनें, “पारूजी, तपाईं त होशियार हुनुपर्छ है। तपाईंको परिवारमा निकै समस्या छ। तपाईं यसरी नै मोटाउनुभयो भने तपाईंलाई पनि ती समस्या आउन सक्छ। तपाईंको सानो छोरो छ। अन्तर्राष्ट्रिय संस्थामा काम गरिरहनुभएको छ। अगाडि त्यति ठूलो भविष्य छ, स्वास्थ्य नै नराम्रो भएपछि त जति काम गर्न सक्ने हो, त्यति गर्न सकिन्न। त्योबाहेक जति पैसा भएपनि तपाईंले त्यसको प्रयोग आनन्दपूर्वक गर्न पाउनुहुन्न।”

“के गर्नु मलाई त कस्तो भोक लाग्छ, फेरि चकलेट देखेपछि त मन नै थाम्न सक्दिनँ। मेरो अफिसको दराजमा पनि थरीथरीका चकलेट छन्। यताउति गर्‍यो हात त त्यसैमा जान्छ,” पारूले भनेकी थिइन्। पारूले आफ्नो शरीरमा ध्यान दिनुपर्छ र खाना कम गर्नुपर्छ भनेर मैले धेरैचोटि भनेपछि एकदिन मलाई खुशी भएर भनिन्, “मलाई तौल कम गराउने संस्थाले आउनु भनेको छ। उनीहरूले रु ४० हजारमा ग्यारेन्टीका साथ तौल कम गराउँछन् रे दुई हप्तामा। उनीहरूले खानेकुराको चार्ट पनि दिन्छन् रे। केही औषधि पनि दिन्छन् रे।”

पारूको खुशीलाई काट्दै मैले भनें, “पारूजी त्यसरी ग्यारेन्टीका साथ तौल कम गर्ने कसैले भन्छ भने, त्यो त सोऱ्है आना ठग हो। त्यस्तो कुनै औषधि छैन, जसले जादुको छडीले झैं तपाईंको तौल कम गराओस्। त्यसरी औषधि प्रयोग गरेर तौल घट्ने भए त अमेरिकाका त्यतिका मानिसले घटाउँथे होलान् नि। त्यसरी एकैचोटि तौल घटाउने क्रियालाई त्याग्नोस् र खानेकुरा कम गर्नोस्। कोदो, फापर, गहुँको च्याँख्ला आदिको प्रयोग बढी गर्नुस्। चकलेट धेरै नखानोस् र मुख्य कुरा पानी बढी पिउने र व्यायाम गर्नुस्।”

पारूजीलाई कोदो र फापर स्वादिष्ट तरीकाले बनाएर पनि खान सकिन्छ भनेर

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४८

# अर्थ - उद्योग - वाणिज्य

## के सञ्चारमाध्यमहरूमा आए जत्तिकै भ्रष्टाचार छ ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**भ्रष्टाचारसम्बन्धी गलत, भ्रामक र अपुष्ट समाचार प्रकाशित गरेर सञ्चार गृहहरूले केवल आफ्नो फाइदाका लागि समाजमा निराशा बाँडिरहेका छन् । जनतालाई हताश पारिरहेका छन् । युवाहरूलाई विदेश जान प्रोत्साहित गरिरहेका छन् ।**

नेपालमा कर्मचारीहरू भ्रष्टाचारमा लिप्त छन् । व्यापारीहरू भ्रष्टाचारमा लिप्त छन्। नेताहरूहरू भ्रष्टाचारमा लिप्त छन्। मन्त्री, प्रधानमन्त्रीहरू भ्रष्टाचारमा लिप्त छन्। सामान्य नागरिकसमेत पनि भ्रष्टाचारमा लिप्त छन्। निष्कर्षमा भन्ने हो भने हाम्रो समाज नै भ्रष्टाचारमा लिप्त छ। भ्रष्टाचार हाम्रो जीवनयापनको एक अङ्ग हुन पुगेको छ। हाम्रो संस्कृति हुन पुगेको छ । भ्रष्टाचार हाम्रो समाजले इज्जत दिएको एक संस्कृति हुन पुगेको छ।

हामीकहाँ बहुसङ्ख्यक व्यक्ति भ्रष्टाचार गर्ने अवसर नपाएसम्म भ्रष्टाचार विरोधी हुन्छन् । घूस खान नपाएसम्म घूस विरोधी हुन्छन्। इमानदार हुन्छन् । तर भ्रष्टाचार गर्न पाए, घूस खान पाए दुवै हातले खान्छन्। जति पाए पनि खान्छन्। यो हाम्रो राष्ट्रिय चरित्र हो। यस तथ्यलाई हामीले स्वीकार गर्नै पर्छ। सत्य यही हो। हाम्रो समाज घूस विरोध होइन, घूसमैत्री हो। घूस दिनुहोस्, लिन जो पनि तयार हुन्छ।

हामी कहाँ भ्रष्टाचारमा लिप्त हुनेहरूको पङ्क्ति लामो छ। तर सर्वाधिक आश्चर्यको कुरा त के छ भने भ्रष्टाचार हुँदैछ भनेर जनतालाई खबरदारी गर्ने सञ्चार माध्यमहरू वा मेडिया सञ्चालक र मेडियाकर्मीहरू पनि भ्रष्ट छन्। भ्रष्टाचारमा लिप्त छन् । हवलदार नै चोर भएको अवस्था छ।

भ्रष्टाचार नियन्त्रण र रोकथाम गर्न राज्यद्वारा स्थापित एवं सञ्चालित निकायहरू पनि भ्रष्टाचारमा लिप्त छन्। निजी र गैरसरकारी संस्थाहरू जो भ्रष्टाचार विरोधी अभियानमा संलग्न छन् ती पनि भ्रष्ट छन् । हाम्रो देश नै भ्रष्टाचारको जालोले नराम्ररी बेरिएको छ।

माथिका भनाइको अर्थ नेपालमा इमानदारहरूको खडेरी परेको छ भन्ने होइन । इमानदारहरू छैनन् भन्ने पनि होइन। इमानदार र भ्रष्टाचार विरोधीहरू पनि नेपालमा राम्रो सङ्ख्यामा छन् । केही कर्मचारी त इमानदारीका लागि प्रख्यात नै भए । आर्थिक र पदीय भ्रष्टाचारको सन्दर्भमा, मन्त्री, प्रधानमन्त्री आदिबारे कुरा गर्ने हो भने मनमोहन अधिकारी र कृष्णप्रसाद भट्टराईजस्ता दुई प्रधानमन्त्रीहरूले इमानदार र भ्रष्टाचार विरोधीको रूपमा ख्याति नै आर्जन गरे।

यस आलेखको उद्देश्य भने नेपालमा जुन स्तरको भ्रष्टाचार छ भनी सञ्चार माध्यमहरूले प्रचार, प्रसार र प्रकाशन गरिरहेका छन् यथार्थमा, नेपालमा त्यो स्तरको भ्रष्टाचार छ वा छैन भनी छलफल गर्नु हो। भ्रष्टाचार नियन्त्रणमा मेडियाले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ वा मेडियाको कार्य भ्रष्टाचार नियन्त्रण तर्फ उन्मुख नभई उल्टो भ्रष्टाचार बृद्धि गराउनेतर्फ छ, त्यस उपर विचार गर्नु हो।

मेडियाका सञ्चालक तथा मेडियाकर्मीहरूले प्रकाशन र प्रसारण गर्ने भ्रष्टाचारसम्बन्धी समाचार एवं विचारहरूको प्रकृति र उद्देश्य हेर्दा ती समाचार एवं विचारहरूले भ्रष्टाचार नियन्त्रणभन्दा मेडियाका सञ्चालक एवं मेडियाकर्मीहरूलाई फाइदा पुऱ्याएको देखिन्छ। तर यो स्थिति सबै सञ्चारगृह एवं सञ्चारकर्मीहरूमा देखिएको छैन। तर बहुसङ्ख्यक सञ्चारगृह एवं सञ्चारकर्मीहरूले सम्प्रेषण गर्ने भ्रष्टाचार विरोधी विचार एवं समाचार वा सूचना एवं जानकारीहरूले भ्रष्टाचार नियन्त्रण गर्न सघाउ पुऱ्याएको देखिँदैन।

भ्रष्टाचारसम्बन्धी समचार प्रकाशन एवं प्रसारण गर्दा सत्य र तथ्यपूर्ण जानकारी सङ्कलन नगरी केवल सुनेको वा अनुमानको भरमा पत्रपत्रिका, रेडियो, टिभी आदिमा समाचार एवं विचारहरू प्रसारण वा प्रकाशन गर्नु केवल पाठक, दर्शक तथा श्रोताको सङ्ख्या वृद्धि गर्नु हो। श्रोता, पाठक वा दर्शकहरूको सङ्ख्या वृद्धि गरेर अन्य फाइदा (आय, विज्ञापन, आर्थिक सहयोग, लाभ आदि) प्राप्त गर्नु हो । यस्तो कार्य अहिले बहुसङ्ख्यक सञ्चारगृह एवं सञ्चारकर्मीले गरिरहेका छन्।

झूटो वा काल्पनिक समाचार तथा विचार प्रकाशन तथा प्रसारण गर्नु पनि ठूलो आर्थिक अपराध हो। ठूलो भ्रष्टाचार हो। अक्षम्य अपराध हो। प्रकाशित हुने भ्रष्टाचारसम्बन्धी सूचना, जानकारी, विचार, समाचार तथ्यपूर्ण हुनुपर्छ। सत्य हुनुपर्छ।

प्रेस र वाक् स्वतन्त्रताको नाममा झूटो, असत्य, स्रोत नखुलेको समाचार वा विचार प्रकाशित गर्न पाइँदैन।

प्रसारण गर्न पाइँदैन । त्यस्तो गर्नुलाई गम्भीर अपराध गरेको मान्ने गरिन्छ। तर अहिले नेपालमा बहुसङ्ख्यक सञ्चार संस्थाका धनी एवं सञ्चारकर्मीहरूले यस्तो कार्य गरिरहेका छन् । आफ्नो माध्यमको लोकप्रियता अभिवृद्धि गर्न असत्य, भ्रामक, काल्पनिक र आधारहीन विचार एवं समाचारहरू प्रकाशित गरिरहेका छन्। सञ्चार संस्थाका धनी एवं सञ्चारकर्मीहरूले त्यस्तो गर्नु पनि भ्रष्टाचारमा लिप्त हुनु हो।

सञ्चार जगत्लाई राज्यको चौथो अङ्ग मानिन्छ। राज्य सञ्चालनमा जति महत्त्वपूर्ण भूमिका विधायिका, कार्यपालिक र न्यायपालिकाको हुन्छ त्यतिकै महत्त्वपूर्ण भूमिका सञ्चार जगत्को पनि हुन्छ। त्यतिकै महत्त्वपूर्ण भूमिका सञ्चारगृहका धनी एवं सञ्चारकर्मीहरूको हुन्छ। यो कारणले गर्दा सञ्चार संस्थाका धनी एवं सञ्चारकर्मीहरू बढी जिम्मेवार हुनुपर्छ। भ्रष्टाचारसम्बन्धी सत्य एवं तथ्यपूर्ण समाचारहरू प्रकाशित गर्नुपर्छ।

अर्को महत्त्वपूर्ण विषयमाथि पनि चर्चा गरौं। पत्रपत्रिकाहरूले भ्रष्टाचार विरोधी समाचारहरू जुन किसिमले प्रकाशन एवं प्रसारण गरिरहेका छन् वा जुन स्तरमा नेपालमा भ्रष्टाचार छ भनिरहेका छन्, यथार्थमा नेपालमा त्यो स्तरमा भ्रष्टाचार छैन । नेपालमा भ्रष्टाचार न्यून छ भन्न खोजिएको भने होइन। भ्रष्टाचारको सन्दर्भमा नेपालमा खुशी हुने स्थिति छ भन्न खोजिएको होइन। तर अन्य अति भ्रष्टको सूचीमा रहेका मुलुकहरू जस्तै सोमालिया (संसारमैं सर्वाधिक) भेनेजुएला, सिरिया, साउथ सुडान, येमेन, नोर्थ कोरिया, निकारागुआ, हाइटी, इक्वेटोरिएल ग्युनी, तुर्कमेनिस्तान, लिबिया, ताजकिस्तान, सुडान, म्यान्मा, डेमोक्रेटिक रिपब्लिक कंगो, क्यमरोस, चयाड, बुरुन्डी, अफगानिस्तान, एरिट्रिया, ग्युनी बिसाउ, कंगो, कम्बोडिया, इराक, होण्डुरस, ग्वाटेमाला, अजरबाइजान, जिम्बाब्वे, लेबनान, इरान मध्य अफ्रिकी गणतन्त्र, बङ्गलादेश, नाइजेरिया, मोजाम्बिक, माडागास्कर, लिबिया, युगान्डा, रूस, किर्गिस्तान, ग्युनी, कामेरोन, पाराग्वे, माली, गाबोन, पापुआ न्युगिनी, पाकिस्तान, बोलिभिया, मरूटानिया, जिबुटी, टोगो, मेक्सिको, केन्या, एल सल्भाडोर, नाइजर, उजबेगिस्तान, पेरू, मङ्गोलिया, अंगोला, टर्की, श्रीलङ्का, फिलिपिन्स, मलावी, इन्डोनेशिया, इक्वेडर, थाइल्यान्ड, सिएरा लियोन, पानामाजस्ता देशहरूको तुलनामा नेपालमा भ्रष्टाचार कम छ। अति कम भ्रष्टाचार हुने देश वा एक नम्बरमा अति कम भ्रष्टाचार हुने देश डेनमार्क रहेको अवस्थामा नेपाल भ्रष्टाचार कम हुने १०८ औं राष्ट्रको रूपमा पर्न आउँछ । यदि अति भ्रष्टाचार हुने राष्ट्रको रूपमा हेर्ने हो भने एक नम्बरमा सोमालिया पर्न आउँछ । सोमालिया संसारकै सर्वाधिक भ्रष्टाचार हुने राष्ट्र हो ।

नेपालभन्दा कम भ्रष्टाचार हुने देशहरूको सङ्ख्या ११० छ भने नेपालभन्दा बढी भ्रष्टाचार हुने देशहरूको सङ्ख्या ६९ छ । नेपालभन्दा बढी भ्रष्टाचार हुने देशहरूको सङ्ख्या पनि ठूलो छ। समाजको मनोविज्ञानमा सुधार र नेताहरूको इमानदारीमा अभिवृद्धि हुने हो भने नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न असम्भव छैन।

हात र नियन्त्रणमा सञ्चार माध्यम (पत्र पत्रिका, रेडिय, टिभी) छ भन्दै आफ्नो फाइदाका लागि सञ्चारगृह र सञ्चारकर्मीहरूले भ्रष्टाचारसम्बन्धी गलत समाचार प्रकाशित गर्नुहुँदैन । गलत समाचार प्रकाशित गर्नु तथ्य बङ्ग्याएर आफ्नो फाइदाको लागि फरक समाचार प्रकाशित गर्नु पनि अपराध हो। अर्थिक भ्रष्टाचार हो।

राष्ट्रिय रोजगार, आय, व्यापार, भ्रष्टाचार आदिको क्षेत्रमा तथ्यहीन, असत्य, अपुष्ट र आधारहीन समाचार प्रकाशित गर्ने अहिले चलनजस्तो भएको छ । र त्यस्तो गरेर आफ्नो समाचारगृहलाई फाइदा पुऱ्याउने चलन जस्तो भएको छ।

भ्रष्टाचारसम्बन्धी गलत, भ्रामक र अपुष्ट समाचार प्रकाशित गरेर सञ्चार गृहहरूले केवल आफ्नो फाइदाका लागि समाजमा निराशा बाँडिरहेका छन् । जनतालाई हताश पारिरहेका छन् । युवाहरूलाई विदेश जान प्रोत्साहित गरिरहेका छन्।

अब निष्कर्षतिर लागौं। यो लेखको आशय सञ्चारकर्मीहरू तथा सञ्चारगृहलाई भ्रष्टाचारसम्बन्धी समाचार एवं विचार प्रकाशित नगर्नुहोस् भन्नु होइन। यो लेखको आशय सञ्चारकर्मीहरू तथा सञ्चारगृह लाई भ्रष्टाचारसम्बन्धी समाचार र विचार तथ्यपूर्ण र सत्य पार्नुहोस् भन्नु हो । असत्य, भ्रामक, आधारहीन, काल्पनिक, प्रतिशोधपूर्ण समाचारले समाजलाई सुसूचित होइन, निराश पार्छ। निराश समाजले आर्थिक विकास गर्दैन। उल्टो थप भ्रष्टाचार गर्छ।

## तमोर करिडरबाट नेपाल, भारत र चीन जोडिए

फुङलिङ, १० फागुन/रासस

राष्ट्रिय गौरवको आयोजना तमोर करिडरबाट मित्रराष्ट्र भारत र चीन जोडिएका छन् । गत मङ्गलवार साँझ टिप्ताला नाका हुँदै चीन जोडिने सडक 'ब्रेक थ्रु' भएपछि तमोर करिडरबाट चीन र भारत जोडिएका हुन्।

मित्रराष्ट्र चीनले चार वर्षअगाडि नै समुद्र सतहभन्दा पाँच हजार दुई सय मिटर उचाइमा तिप्ताला नाका हुँदै फत्ताङ्लुङ गाउँपालिका–७ ओलाङ्चुङ्गोला क्षेत्रमा सडक विस्तार गरेको थियो। ओलाङ्चुङ्गोला हुँदै सेराप बगरसम्म ट्र्याक खोल्ने काम चीनको निर्माण कम्पनीले गरेको थियो। नेपाल र चीनको नाकाबाट नेपालतर्फ ३५ किलोमिटर क्षेत्रमा ट्र्याक खोलिएको थियो। नेपालतर्फ सुनसरीको चतरादेखि खोल्दै लगिएको ट्र्याक, यस पहिले चीनले खोलेको ट्र्याकमा गत मङ्गलवार साँझ जोडिएको उत्तर–दक्षिण (मूलघाट–दोभान–ओलाङ्चुङ्गोला) सडक आयोजनाका प्रमुख अमिन्द्र खड्काले बताए।

तमोर नदीको उद्गमस्थल तिप्ताला नाकाबाट धनकुटाको मूलघाट हुँदै तमोर किनारैकिनार बनेको सडक भारतसँग जोडिन्छ । उत्तर–दक्षिण (मूलघाट–दोभान–ओलाङ्चुङ्गोला) सडक आयोजना अन्तर्गत सञ्चालित सडकको ट्र्याक खोलिएको आयोजना प्रमुख खड्काले बताए । आयोजनाका अनुसार सडक निर्माण काठमाडौंको एसबिए एलाइट जेभीले गरेको हो।

ताप्लेजुङ सदरमुकाम फुङलिङ मात्रै नभएर यो सडकको ट्र्याक खुलेसँगै कोशी प्रदेश उत्तरतर्फको छिमेकी देश चीनसँग सडक सञ्जालले जोडिएको छ। एसबिए एलाइटले तापेथोकदेखि ओलाङ्चुङ्गोलासम्म ट्र्याक खोल्ने ठेक्का रु ४४ करोडमा लिएको थियो । तापेथोकबाट काम थालेको ठीक छ वर्षमा ट्र्याक खोलिएको निर्माण कम्पनीले जनाएको छ । निर्माण कम्पनीका अनुसार अब छवटा मेशीन लगाएर तिप्ताला नाकासम्म यसअगाडि खुलाएको ट्र्याक मरम्मत गरेर वैशाखमा ताप्लेजुङबाट बिदा हुने योजना छ।

मूलघाट–दोभान–ओलाङ्चुङ्गोला सडक सुनसरीको चतरादेखि ओलाङ्चुङ्गोलासम्म २३० किलोमिटर छ। ओलाङ्चुङ्गोलादेखि तिप्ताला नाकासम्मको दूरी २४ किलोमिटर छ । तमोर करिडरको लम्बाइ २५४ किलोमिटरमा छ । कोशी प्रदेशको राजधानी विराटनगरसँग जोडिएको सीमानाका जोगबनीबाट सुनसरीको चतरा ५१ किलोमिटर टाढा छ।

विसं २०६५ मा तमोर करिडर निर्माण थालिएको थियो। २०६७ सालमा यो सडकलाई राष्ट्रिय गौरवको प्राथमिकता प्राप्त आयोजना घोषित गरी निर्माण अघि बढाइएको थियो। चीनसँग सडक सञ्जालले जोडिएसँगै ओलोङ्चुङ्गोलाका स्थानीय उत्साहित भएका फत्ताङ्लुङ गाउँपालिका–७

(बाँकी पाँचौं पातामा)

## "तराई-मधेसको बजेट र विकासका योजना कटौती हुनुहुन्न"

काठमाडौं, १० फागुन/रासस

मुलुक र जनताका सवालहरूको सम्बोधनका लागि सत्तापक्षको महत्त्वपूर्ण र नेतृत्वदायी भूमिका हुन्छ तर संसदीय व्यवस्थामा प्रतिपक्षको भूमिका पनि उत्तिकै प्रभावशाली मानिन्छ । नेपाल कम्युनिस्ट पार्टी (एमाले)का सांसद लीलानाथ श्रेष्ठ मुलुकका लागि आवश्यक कानून निर्माण र विकासका सन्दर्भमा सरकारलाई पूर्ण साथ र सहयोग रहने बताउँछन्।



सांसद लीलानाथ श्रेष्ठ। तस्वीरः रासस

नेकपा (एमाले)को बुधवारको केन्द्रीय कमिटीको बैठक र संसदीय दलको बैठकले जनताका समसामयिक मुद्दामा संसद्मा अझ बढी रचनात्मक र प्रभावकारी भूमिका खेल्न निर्देशन भएको बताउँदै सो पार्टीका पोलिटब्युरो सदस्यसमेत रहेका सांसद श्रेष्ठले पार्टीले दिएको निर्देशनबमोजिम नै संसद्को चालू हिउँदे अधिवेशनमा प्रस्तुत हुने बताए।

सांसद श्रेष्ठले ऋण लिएर कर्मचारीलाई तलब दिनुपर्ने, व्यापारीहरू कालोसूचीमा पर्ने, ३० प्रतिशत उद्योगधन्दा मात्रै सञ्चालनमा आएको, मुलुकमा बेरोजगारी बढेको र विदेशिने युवाको क्रम बढेको तथा मुलुकको अर्थतन्त्रका परिसूचकहरू सकारात्मक नभएको विश्लेषण गरे।

सिराहा क्षेत्र नं ३ बाट पछिल्ला दुई निर्वाचनमा एमालेका तर्फबाट प्रतिनिधिसभा सदस्यमा लगातार विजयी सांसद श्रेष्ठ २०७० सालको संविधानसभा निर्वाचनमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग झिनो मतान्तरले पराजित भएपछि राष्ट्रिय राजनीतिमा चर्चामा आएका थिए।

वर्तमान गठबन्धन सरकारले अर्थतन्त्रको सुधार र सुशासनका क्षेत्रमा उल्लेखनीय काम गर्न नसकेको आरोप लगाउँदै पूर्वमन्त्री श्रेष्ठले नक्कली भुटानी शरणार्थी मामिला, ललिता निवास जग्गा प्रकरण, सुन तस्करीका घटनामा भएका छानबीनमा पूर्ण सफलता हासिल गर्न नसकिएको जिकिर गरे। यद्यपि उनले सुशासन कायम गर्न सरकारले गरेका प्रयासको सराहना गरे।

एमालेका नेता एवं धनुषा जिल्ला इन्चार्ज श्रेष्ठले तराईको 'लाइफ लाइन' का रूपमा परिचित हुलाकी राजमार्ग निर्माणका लागि यस अघि रु १३ अर्बसम्म बजेट विनियोजन भएकोमा अहिले सरकारले बजेट घटाएको भन्दै असन्तुष्टि व्यक्त गरे। "हुलाकी मार्गभन्दा पछि शुरू भएका कतिपय सडक बनिसकेका छन्। हुलाकी राजमार्ग निर्माणमा ढिलाइ भएको छ।"

काठमाडौं–तराई द्रुतमार्ग, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल र सुनकोशी–कमलामाई डाइभर्सनजस्ता राष्ट्रिय गौरवका आयोजना निर्माणमा भएको विलम्बबाट तराई–मधेसमा विकासका काम पछाडि धकेलिएको सांसद श्रेष्ठको भनाइ छ। उनले आफूहरू सरकारमा हुँदा तराई–मधेस पूर्वाधार कार्यक्रमसहित समृद्ध मधेस सिंचाइ कार्यक्रमका लागि रु दुई अर्ब बजेट ल्याएकोमा अहिले एकपछि अर्को गर्दै मधेसका विकास कार्यक्रममा बजेट कटौती र योजना हटाउने काम भएको टिप्पणी गरे।

सांसद श्रेष्ठले आफ्नो पहलमा सिराहाको भारतीय सीमादेखि गोलबजार र गोलबजारदेखि मदन भण्डारी राजमार्गसम्मको दुई खण्डको सडकका लागि बजेट छुट्याएको, सिराहामा चारवटा राष्ट्रिय मार्ग बनाएको, मिर्चैया–सोलु सडक निर्माणमा बजेट विनियोजन गराएको, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम जिल्लामा सञ्चालन गराएको, राजा सहलेसको मन्दिर, विभिन्न सिंचाइ आयोजना र लालपुरको रङ्गशाला निर्माण गराएको स्मरण गर्दै आगामी दिनमा पनि यस्ता विकासका कामलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे।

तराई–मधेसको विकासका लागि धेरै गर्न बाँकी रहेकोले त्यहाँका सबै सांसद मिलेर सुनकोशी–कमलामाई 'डाइभर्सन' शीघ्र सम्पन्न गर्न, चुरे संरक्षणका योजना ल्याउन, जानकी–रामायण परिपथ, कोशी वन्यजन्तु आरक्ष, गढीमाई पर्यटन परिपथ, चिनी कारखाना, कृषि औजार कारखाना र जनकपुर चुरोट कारखाना सञ्चालनका लागि १६औं आवधिक योजनामा समावेश हुनुपर्ने माग सांसद श्रेष्ठको छ। यी विषयमा प्रधानमन्त्रीसमक्ष प्रतिनिधिमण्डल गएर कुरा राख्ने तयारी भएको उनले बताए।

किसानले नगद पैसा तिरेर पनि समयमैं रासायनिक मल नपाएको, उखु किसानले समयमा भुक्तानी नपाएको, सहकारी र मिटरब्याजपीडितले न्याय नपाएको, खडेरीबाट खेती बाँझो रहेको वा उत्पादन कम भएको, 'लम्पीस्किन' रोगबाट प्रभावित किसानले क्षतिपूर्ति नपाएको आदि कारणले जनतामा छाएको निराशाका विषय अब सदन र सडकमा उठाउने उनको भनाइ छ। के आन्दोलन गरेर जनतामा छाएको निराशा शान्त हुन्छ त भन्ने प्रश्नमा उनी प्रतिप्रश्न गर्दै भन्छन्–"हामीले प्रतिपक्षमा रहेर रचनात्मक काम गर्ने हो। रोजगारमा दक्षिण कोरिया जान खोज्ने दुई युवकको मृत्यु भएको विषयमा संसद्मा चुप लागेर बस्न सकिन्छ र ?"

समयमा महत्त्वपूर्ण कानून नबन्दा तीन तहका सरकार सुसञ्चालनमा कठिनाइ आएको बताउँदै उनले निजामती सेवा ऐन, विद्यालय शिक्षा ऐन र प्रहरी समायोजन ऐन छिटो ल्याउनुपर्ने बताए। निजामती ऐन नआउँदा कतिपय स्थानीय तहमा निमित्तका भरमा प्रशासन चलेको र कतिपय प्रदेशमा उपसचिवले मन्त्रालय सञ्चालन गर्नुपरेको उनले सुनाए।

सांसद श्रेष्ठ राज्यका महत्त्वपूर्ण अङ्ग र संस्थाहरूबीच समन्वय र सन्तुलन पनि बढ्नुपर्ने ठान्छन् । सरकारी सम्पत्ति

(बाँकी पाँचौं पातामा)

# राजस्व परिचालन: अवस्था र चुनौती

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**सङ्घीय संरचना अनुकूल कर तथा गैरकरका क्षेत्रहरूको पुनरावलोकन गर्ने, कर प्रणालीलाई लगानी तथा व्यवसायमैत्री बनाउने, जोखिम व्यवस्थापन गर्न कर प्रशासनको सबलीकरण गर्ने, सबै किसिमका करसम्बन्धी विवरणहरू विद्युतीय प्रणालीमार्फत पेश गर्ने व्यवस्था मिलाउनु अहिलेको आवश्यकता हो ।**

साधारणतया राज्यको ढुकुटीमा विभिन्न स्रोतबाट सङ्कलित रकमलाई राजस्व नै भनिन्छ। राज्य सञ्चालनका लागि राजस्वको आवश्यकता नौलो विषय होइन । नेपालजस्तो विकासोन्मुख देशमा सरकारका नियमित कार्यहरू सञ्चालन गर्न, विकास निर्माणलाई तीव्रता दिन, सामाजिक उत्तरदायित्वका कार्यलाई अघि बढाउन र वैदेशिक सहायतामाथिको निर्भरता घटाउन राजस्व परिचालनको आवश्यकता पर्छ। दक्षिण एशियाली क्षेत्रीय सङ्गठनका देशहरूको विगत पाँच वर्षको औसत आर्थिक वृद्धिदरको तुलनामा नेपालको आर्थिक वृद्धिदर कम देखिन्छ । यसका पछाडि राजनीतिक स्थायित्वको अभाव, कमजोर शान्ति सुरक्षा, ऊर्जा सङ्कट, पूर्वाधारको कमजोर अवस्था तथा असहज श्रम सम्बन्ध आदि कारणहरू पनि जिम्मेवार छन् । तर पनि राष्ट्रिय प्राथमिकताका क्षेत्रमा लगानीका लागि राष्ट्रिय पूँजीको कमी अर्को मुख्य कारण हो । उक्त खाडल पूर्तिका लागि पनि राजस्व परिचालन आवश्यक पर्छ ।

राज्यको आर्थिक सम्पन्नता र आत्मनिर्भरता मापन गर्ने सूचकहरूमध्ये राजस्व तथा गार्हस्थ्य उत्पादन (जिडिपी) को अनुपात पनि एक हो । आर्थिक सर्वेक्षण अनुसार नेपालमा राजस्व कुल गार्हस्थ्य अनुपात आव २०६४/६५ देखि यो वृद्धि वार्षिक करीब एक प्रतिशतले बढेको देखिन्छ । छिमेकी देशहरूको तुलनामा यो प्रतिशत कमै भएपनि हाम्रो सन्दर्भमा भने उत्साहजनक नै मान्नुपर्छ। हाम्रोजस्तो विकासोन्मुख मुलुकको सीमित साधनस्रोतलाई प्रभावकारीरूपले सदुपयोग गर्ने अथवा कसरी दक्षतापूर्वक वित्त सञ्चालन गर्ने भन्ने प्रश्न बढी महत्त्वपूर्ण हुन्छ । मुलुकको आर्थिक विकास गर्न सार्वजनिक वित्तको व्यवस्थापन गर्दा अपनाउनुपर्ने वित्तीय नीतिले बचत गर्ने सामर्थ्य वृद्धि गराउन, उत्पादनशील क्रियाकलापमा लगानी बढाइ राष्ट्रिय आयमा योगदान पुर्‍याउन सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ । वास्तवमा राष्ट्रिय आयमा योगदान पुर्‍याउनका लागि आन्तरिक उत्पादनमा वृद्धि गर्नैपर्छ। आन्तरिक उत्पादन भनेको आफ्नै मुलुकभित्र वस्तु उत्पादन गरेर आत्मनिर्भर हुनु हो। स्वदेशमा खपत हुन नसकेको उत्पादनलाई निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्नु पनि हो । यसका साथै आन्तरिक उत्पादनले स्वदेशी उत्पादनसँग मात्र सरोकार राखेको हुँदैन, यसले निर्यात हुने वस्तुसँग पनि सरोकार राखेको हुन्छ। आन्तरिक उत्पादन भन्नाले औद्योगिक उत्पादन मात्र होइन । यस अन्तर्गत व्यापार, व्यवसाय र सेवा क्षेत्र पनि समावेश गरिएका हुन्छन् ।

नेपालमा विकासको पूर्वाधार खडा गरी अत्यावश्यक वस्तुको बढीभन्दा बढी उत्पादन र न्यायोचित वितरण नै आर्थिक विकासको खुड्किलो हो भन्न सकिन्छ। कुनै पनि मुलुकको तीव्र आर्थिक विकासको लागि आन्तरिक स्रोतको विकास र परिचालन गर्नैपर्छ। आन्तरिक स्रोतहरूमध्येमा कर पनि एक महत्त्वपूर्ण स्रोत हो । देशको शान्ति सुरक्षा, प्रशासनिक कार्य तथा विकास कार्यको लागि सरकारलाई बढी रकमको आवश्यकता पर्छ र यसका लागि चाहिने रकमको ठूलो परिमाण राज्यले करबाटै प्राप्त गर्छ। प्रचलित कर कानून अनुसार राजस्वका स्रोतहरूमा कर राजस्व तथा गैरकर राजस्व दुवै पर्छन् । राज्यबाट प्रदान गरिने सेवाबापतको शुल्क, दस्तुर, दण्ड, जरिवाना, लाभांश, ब्याज, रोयल्टी, दान, दातव्य, उपहार आदिबाट गैरकर राजस्व सङ्कलन हुन्छ । कर राजस्व अन्तर्गतको प्रत्यक्ष करमा आयकर, सामाजिक सुरक्षा कर तथा सम्पत्ति कर पर्छन् भने वस्तु तथा सेवाको मूल्यमा थपेर लिइने मूल्य अभिवृद्धि कर, अन्त:शुल्क तथा भन्सार आदिलाई अप्रत्यक्ष कर भनिन्छ । प्रत्यक्ष कर आम्दानी तथा सम्पत्तिको अनुपातमा बढ्दै जाने प्रगतिशील प्रकृतिको हुन्छ भने उपभोगमा लाग्ने अप्रत्यक्ष कर तटस्थ प्रकृतिको हुन्छ । राम्रो र कुशल कर प्रणाली भएको देशमा प्रत्यक्ष करको अनुपात बढ्दै जान्छ भने परम्परागत कर प्रणालीमा अप्रत्यक्ष करको बाहुल्य देखिन्छ । नेपालमा पनि अप्रत्यक्ष कर प्रणालीको आकार ठूलो भए तापनि विगत केही वर्षदेखि यसको घट्दो अनुपातले कर प्रणाली सुधारको दिशातर्फ लागेको सङ्केत गर्छ । कुल गार्हस्थ्य उत्पादनको तुलनामा राजस्वको अंश कम हुनु, राजस्वमा उत्पादनमूलक क्षेत्रको योगदान कम हुनाले जटिलता थपिएका छन् । त्यसमा लोककल्याणकारी राज्यको अवधारण लागू भएपछि नेपालमा पनि सार्वजनिक खर्च वृद्धि हुँदै गएको देखिन्छ। सामाजिक सुरक्षा र प्रतिरक्षा खर्चमा बढोत्तरी, औद्योगिक विकास, जनसङ्ख्या वृद्धि, सामाजिक न्यायमा आधारित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको विकास, अन्तर्राष्ट्रिय सम्बन्ध स्थापनामा तीव्रता, शहरीकरण, मूल्यवृद्धि, विकास योजनाको कार्यान्वयन। यसैगरी, सरकारी खर्चको वर्गीकरण मुख्यत: यस प्रकारले गरिएका छन्– लाभको आधारमा, आयको आधारमा, कार्यको आधारमा, आवश्यकताको आधारमा, प्राथमिकताको आधारमा । मुलुकको आर्थिक सर्वेक्षण अनुसार पछिल्ला तीन आर्थिक वर्षमा विनियोजित पूँजीगत बजेटको ठूलो हिस्सा खर्च हुन नसक्दा विनियोजनको तुलनामा पूँजीगत खर्च न्यून रहेको देखिन्छ ।

कुल विनियोजनमा पूँजीगत बजेटको अंशमा समेत कमी आएको देखिएको छ। आर्थिक वर्ष २०७८/७९ मा विनियोजित पूँजीगत बजेटको ५७ दशमलव दुई प्रतिशत मात्र खर्च भएको तथ्याङ्क छ । सङ्घीय सरकारको कुल बजेटमा पूँजीगत बजेटको हिस्सा आर्थिक वर्ष २०७८/७९ मा २३ दशमलव दुई प्रतिशत रहेको छ। अघिल्ला दुई आर्थिक वर्षमा यस्तो हिस्सा क्रमश: २३ दशमलव नौ र २६ दशमलव सात प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो हिस्सा २१ दशमलव दुई प्रतिशत रहेको छ। वित्तीय सङ्घीयता कार्यान्वयनपछिका वर्षमा सङ्घीय सरकारको पूँजीगत खर्चतर्फको विनियोजनमा केही कमी आएको छ । विगतको पूँजीगत खर्चको प्रवृत्ति हेर्दा आर्थिक वर्षको अन्त्यतिर मात्र पूँजीगत खर्चको भुक्तानी केन्द्रित हुने गरेकोमा गत आर्थिक वर्षमा भने केही सुधार भएको देखिन्छ। गत आर्थिक वर्षमा पूँजीगत खर्च विनियोजित पूँजीगत बजेटको ५७ दशमलव दुई प्रतिशत मात्र रहेको थियो । आर्थिक वर्ष २०७८/७९ मा कुल पूँजीगत खर्चको २९ दशमलव ८४ प्रतिशत असार महीनामा भुक्तानी भएको थियो। आर्थिक वर्ष २०७७/७८ र २०७६/७७ मा कुल पूँजीगत खर्चको क्रमश: ३७ दशमलव पाँच प्रतिशत र ३३ दशमलव ३३ प्रतिशत असार महीनामा भुक्तानी भएको थियो । आर्थिक वर्ष २०७९/८० सकिन दुई साताभन्दा कम छँदा एक दर्जन मन्त्रालयका पूँजीगत खर्च ४० प्रतिशत पनि कट्न सकेको थिएन । विकास निर्माणसँग सरोकार राख्ने मन्त्रालय नै पूँजीगत खर्चमा कमजोर देखिएका छन् । महालेखा नियन्त्रक कार्यालयका अनुसार कम खर्च गर्नेमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सबैभन्दा कम १० दशमलव नौ प्रतिशत पूँजीगत खर्च गरेको छ । आर्थिक वर्ष २०७९/८० मा यस मन्त्रालयका लागि पूँजीगततर्फ ३७ करोड २२ लाख रुपियाँ विनियोजन गरिएकामा असार १५ सम्म तीन करोड ७५ लाख रुपियाँ मात्र खर्च भएको छ। त्यसपछि कम पूँजीगत खर्च गर्नेमा अर्थ मन्त्रालय आउँछ। अर्थले असार १५ सम्म पूँजीगततर्फ १२ दशमलव ४७ प्रतिशत मात्र खर्चेको छ । चालू आर्थिक वर्षमा अर्थलाई पूँजीगततर्फ १० अर्ब ६२ करोड १८ लाख छुट्याइएकोमा एक अर्ब ३२ करोड ४४ लाख रुपियाँ मात्र खर्च भएको हो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय पनि पूँजीगत खर्च गर्नेमा कमजोर देखिएको छ। यस मन्त्रालयका लागि आर्थिक वर्ष २०७९/८० मा पूँजीगततर्फ पाँच अर्ब ३४ करोड ९९ लाख विनियोजन भएकामा ७३ करोड ९१ लाख अर्थात् १३ दशमलव ८२ प्रतिशत मात्र खर्च भएको हो। ४० प्रतिशतभन्दा कम खर्च गर्नेमा परराष्ट्र, युवा तथा खेलकूद, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, सञ्चार तथा सूचना प्रविधि, कृषि तथा पशुपक्षी विकास र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय छन्। विकास निर्माणको काम गर्ने मन्त्रालयका रूपमा रहेको शहरी विकासले पनि आर्थिक वर्ष बित्न लाग्दा पूँजीगत खर्च बढाउन सकेको छैन। यस मन्त्रालयले असार १५ सम्म कुल विनियोजित ५५ अर्ब ८७ करोड २५ लाख पूँजीगत बजेटमा २० अर्ब ३७ करोड ९० लाख रुपियाँ अर्थात् ३६ दशमलव ४७ प्रतिशत मात्र खर्च गरेको छ । विगतका वर्षहरू जस्तै चालू आर्थिक वर्ष २०८०/८१ मा पूँजीगत खर्चको अवस्था दयनीय देखिएको छ। झन्डै साढे चार महीनामा १० दशमलव दुई प्रतिशत बजेट मात्रै खर्च भएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार सरकारले चालू आवमा पूँजीगत खर्चका लागि तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख रकम विनियोजन गरेकोमा २०८० मङ्सिर १० सम्म ३० अर्ब २७ करोड ८९ लाख रुपियाँ मात्र खर्च गरेको हो । सरकारले चालू खर्च र वित्तीय खर्चमा पनि लक्ष्य अनुसार खर्च गर्न सकेको छैन । २०८० मङ्सिर ११ सम्म सरकारले चालू खर्चमा कुल विनियोजित बजेटमध्ये २४ दशमलव चार प्रतिशत मात्रै खर्च गरेको छ भने वित्तीय शीर्षकमा १७ दशमलव ७५ प्रतिशत मात्रै खर्च गरेको छ । चालू आर्थिक वर्षमा सरकारले चालू शीर्षकमा ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख रकम विनियोजन गरेकोमा दुई खर्ब ७८ अर्ब ५८ करोड ९९ लाख रुपियाँ मात्रै खर्च गरेको छ। वित्तीय क्षेत्रमा विनियोजित तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाखमध्ये ५४ अर्ब ५५ करोड ८४ लाख रकम मात्रै खर्च भएको छ। सरकारले चालू आव २०८०/८१ को हालसम्म खर्च अनुसारको आम्दानी गर्न नसकेको देखिन्छ। २०८० मङ्सिर ११ सम्म सरकारले तीन खर्ब ६३ अर्ब ४२ करोड ७२ लाख खर्च गरेको छ, आम्दानी जम्मा तीन खर्ब १२ अर्ब ९४ करोड ३७ लाख मात्रै गरेको छ । त्यसो त सरकारको आम्दानी पनि घटेको छ । हालसम्म लक्ष्यको २१ दशमलव २५ प्रतिशत मात्रै आम्दानी गरेको छ।

सरकारले चालू आर्थिक वर्ष २०८०/८१ मा आम्दानी र अनुदानमार्फत १४ खर्ब ७२ अर्ब ४८ करोड सात लाख आम्दानी गर्ने लक्ष्य राखेको छ। आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लेख गरिए अनुसार यस आर्थिक वर्षमा वित्तीय क्षेत्रको स्रोत साधन सीमित व्यक्ति, समूह वा भौगोलिक स्थानमा केन्द्रित हुन नदिन समावेशी वित्तको अवधारणा अनुसार बैंक, वित्तीय संस्था, बीमा र पूँजीबजारको सेवा बहुसङ्ख्यक जनतासम्म पुर्‍याउने गरी आवश्यक नीतिगत सुधार गर्नुका साथै सरकारी स्वामित्वका बैंक तथा वित्तीय संस्थालाई पुनर्संरचना गरी थप सुदृढ बनाइने कार्यक्रम राखिएको छ। विप्रेषण आयलाई औपचारिक माध्यमबाट भित्र्याउन प्रोत्साहित गरिनुका साथै बैंक खाता खोली विप्रेषण पठाएमा कम्तीमा एक प्रतिशत थप ब्याज दिने सुविधालाई निरन्तरता दिने नीति लिइएको छ । औपचारिक माध्यमबाट विप्रेषण पठाउने श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिने कार्यक्रम राखिएको छ । श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गएका नेपालीलाई लक्षित गरी रेमिटचान्स बन्ड जारी गरी औपचारिक माध्यमबाट विप्रेषण भित्र्याउने र त्यसरी भित्र्याइएको रकमलाई पूर्वाधार विकासमा उपयोग गरिने नीति लिइएको छ । उत्पादन अभिवृद्धि, आन्तरिक रोजगार प्रवर्द्धन, उद्यमशीलता विकासलगायतका उद्देश्य राखी सहुलियतपूर्ण ब्याजमा प्रवाह भइरहेका कर्जाको प्रभावकारिता अध्ययनका आधारमा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यक्रमलाई पुनर्संरचना गरिनुका साथै यस कार्यक्रम अन्तर्गत ब्याज अनुदानका लागि ११ अर्ब ५१ करोड विनियोजन गरिएको छ ।

वास्तवमा सङ्घीयताको कार्यान्वयन सरल र सहज मार्ग होइन। यो अत्यन्तै जटिल, प्राविधिक र सबैको सहयोग, समन्वय र सहकार्य र सहभागिताको निरन्तर आवश्यक पर्ने भएकाले केही समस्या, बाधा, चुनौतीहरू छन् । अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिक बनाउँदै करको दायरामा ल्याउने, कर सहभागितामा गुणात्मक अभिवृद्धि ल्याउने, कर सङ्कलन लागत र करदाताको कर परिचालन लागत घटाउने । कर प्रशासनलाई पारदर्शी, करदातामैत्री र सदाचारयुक्त बनाउने, राजस्व चुहावटको नियन्त्रण, कारोबार मूल्यमा आधारित भन्सार जाँचपास प्रणालीको आधार बनाउने, बजारमा बिल दिने, लिने पद्धतिको विकास गर्ने । सबै तहका कर प्रशासनहरूबीच एकरूपता कायम गर्ने र प्राकृतिक स्रोतको उपयोग, कर सङ्कलन र बाँडफाँटबीच एकरूपता र समन्वय गर्ने, अन्तरसरकारी कर प्रणालीबीच सामञ्जस्यता र जनतामा करको अनावश्यक भार पर्न नदिने । कर प्रणालीलाई लगानीमैत्री वातावरण बनाउने संयन्त्रको रूपमा विकास गर्ने, स्वच्छ, तटस्थ एवं पारदर्शी कर प्रणालीको विकास गर्ने, स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्नुपर्छ ।

यसैगरी, कुल गार्हस्थ्य उत्पादनसँग कर राजस्वको अनुपात बढाउने, सङ्घीय संरचना अनुसार राजस्व संरचनाको निर्माण गर्ने, करको आधार र दायरा विस्तार गर्ने, करको दायरालाई पारदर्शी एवं समन्यायिक बनाउनु आवश्यक छ। सङ्घीय संरचना अनुकूल कर तथा गैरकरका क्षेत्रहरूको पुनरावलोकन गर्ने, कर प्रणालीलाई लगानी तथा व्यवसायमैत्री बनाउने, जोखिम व्यवस्थापन गर्न कर प्रशासनको सबलीकरण गर्ने, सबै किसिमका करसम्बन्धी विवरणहरू विद्युतीय प्रणालीमार्फत पेश गर्ने व्यवस्था मिलाउनु अहिलेको आवश्यकता हो । यसतर्फ सङ्घ, प्रदेश र स्थानीय तह सचेत र सजग हुनैपर्छ ।



**कृषकलाई स्याउका बिरुवा:** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र परियोजना कार्यान्वयन एकाइ कार्यालय मुगुले कृषकलाई व्यावसायिक स्याउखेती गर्न वितरण गरेको स्याउका बिरुवा । उक्त परियोजनाले यो वर्ष ७० हेक्टर जमीनमा स्याउ बगैंचा बनाउन २१ हजार स्याउका बिरुवा किसानलाई वितरण गरेको छ । तस्बिर: नृपेन्द्रबहादुर मल्ल/रासस

# विमानस्थलको राजस्व ११ अर्बभन्दा बढी

काठमाडौं, १० फागुन/रासस

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हवाई उडानका दृष्टिकोणले अति व्यस्त विमानस्थल हो। आन्तरिक र अन्तर्राष्ट्रिय उडान चाप बढ्दो छ भने विमानस्थल भएर हवाई यात्रा गर्ने यात्रीको सङ्ख्या पनि बर्सेनि बढिरहेको छ ।

विमानस्थलमा उडान र यात्रीसँगै आम्दानी पनि बढ्दो छ। विमानस्थलका अनुसार गत आर्थिक वर्ष २०७९/८० मा रु ११ अर्ब ३८ करोड राजस्व सङ्कलन भएको छ । चालू आवमा रु १३ अर्ब राजस्व उठाउने लक्ष्य लिइएको विमानस्थलले आजसम्म रु छ अर्ब ७६ करोड राजस्व उठेको उल्लेख गरेको छ।

विमानस्थलका महाप्रबन्धक प्रतापबाबू तिवारीले विमानस्थल पूर्ण क्षमतामा सञ्चालनमा आएको, अन्तर्राष्ट्रिय हवाई यात्री बढेको तथा विमानस्थल सुधारका समग्र प्रयासबाट राजस्व क्रमश: बढिरहेको उल्लेख गरे। विमानस्थलले यात्रीसेवा शुल्कबापत, कोठा र सटर बाहल तथा जहाजको अवतरण, बिसानलगायत शीर्षकबाट राजस्व उठाउँदै आएको छ ।

विमानस्थलले आव २०७७/७८ मा रु दुई अर्ब ४६ करोड राजस्व उठाएको थियो । कोभिड–१९ का कारण उक्त वर्ष राजस्व घटेको विमानस्थलले उल्लेख गरेको छ। कोभिडपछि विमानस्थल पूर्ण क्षमतामा सञ्चालित छ ।

विमानस्थलमा हवाई यात्रीको सङ्ख्या पनि बढ्दो क्रममा छ । विमानस्थलका अनुसार सन् २०२३ मा आन्तरिक तथा अन्तर्राष्ट्रिय दुवैगरी कुल ८६ लाख ९१ हजार ४४३ यात्रीले हवाई यात्रा गरेका छन् । सन् २०२२ मा यो सङ्ख्या ७९ लाख ५४ हजार ४९५ थियो । जुन अघिल्लो वर्षको तुलनामा नौ दशमलव दुई प्रतिशतले बढी हो । एक वर्षमा अन्तर्राष्ट्रियतर्फ ४५ लाख ४१ हजार १३७ ले हवाई यात्रा गरेका छन्। जुन अघिल्लो वर्षको तुलनामा ३० दशमलव १८ प्रतिशतले बढी हो । आन्तरिकतर्फ हवाईयात्रा गर्नेको सङ्ख्या ४१ लाख ५० हजार ३२६ पुगेको छ।

कोभिडअघि सन् २०१८ मा ७१ लाख ९० हजार ९१२ र सन् २०१९ मा ७३ लाख २७ हजार ३१ यात्रीले हवाई यात्रा गरेका थिए । यो सङ्ख्या कोभिड–१९ अघि सन् २०१८ को भन्दा चार दशमलव पाँच प्रतिशतले बढी रहेको विमानस्थलले जनाएको छ ।

विमानस्थलमा हाल आन्तरिकतर्फ नौ एयरलाइन्स कम्पनी र १२ हेलिकोप्टर

(बाँकी अन्तिम पातामा)


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज


**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# नभाल्नीको मृत्युपछि 'निराशा'विरुद्ध चेतावनी



मस्कोमा भएको एक प्रदर्शनमा स्व नभाल्नी । नभाल्नीको पार्थिव शरीर परिवारजनलाई बुझाउन हजारौं रूसीले माग गरेका छन् ।

मस्को, १० फागुन/एएफपी

कारागारमा रहेका विपक्षी राजनीतिज्ञ भ्लादिमिर कारा–मुर्जाले बिहीवार रूसीहरूसँग आर्कटिक कारागारमा एलेक्सी नभाल्नीको मृत्यु भएपनि लोकतन्त्रका लागि लडिरहन आग्रह गरेका छन् ।

गत साता नभाल्नीको मृत्युले रूसको विपक्षमा निराशा उत्पन्न गराएको छ । यिनीहरूमा अधिकांश निर्वासन र कारागारमा छन् वा मरिसकेका छन् ।

"तर्कसङ्गत वा भावनात्मकरूपमा के भएको हो भन्नेबारे मैले अझै पनि बुझ्न सकेको छैन तर हामी उदासी र हताससामु झुक्यौं भने उनीहरू त्यही चाहन्छन् । हामीलाई यस्तो गर्ने कुनै अधिकार छैन, हामी हाम्रा लडेका साथीहरूप्रति आभारी छौं," कारा–मुर्जाले भने ।

रूस र बेलायतको दोहोरो नागरिकता भएका कारा–मुर्जालाई गत वर्ष २५ वर्षको कारागार सजाय सुनाइएको थियो । यो राष्ट्रपति भ्लादिमिर पुटिनको कारागारमा रहेका सबै आलोचकको तुलनामा सबैभन्दा लामो ज्ञात सजाय हो ।

कारा–मुर्जासँग अर्का विपक्षी राजनीतिज्ञ बोरिस नेमत्सोभ पनि निकट थिए । उनको सन् २०१५ मा क्रेमलिननजीकै हत्या गरिएको थियो । साथै गत साता नभाल्नीको मृत्युले रूसमा कैदमा रहेका क्रेमलिनका आलोचकहरूका लागि भय उत्पन्न गराएको छ ।

कारागारमा कारा–मुर्जाको स्वास्थ्य बिग्रिएको छ । उनका वकीलहरूका अनुसार दुईपटक विष दिइएकाले उनी गम्भीर स्वास्थ्य समस्याले पीडित छन् । यद्यपि साइबेरियाको कारागारबाट कारा–मुर्जाले 'रूसलाई सामान्य, स्वतन्त्र युरोपेली लोकतान्त्रिक मुलुक बनाउने' आशा व्यक्त गरे । "एलेक्सीले भन्नुभएको छ– हार नमान्नुहोस्, हार मान्नु असम्भव छ," उनले भने । रासस

# पूर्वी अफगानिस्तानमा दुईजनालाई सार्वजनिकरूपमा मृत्युदण्ड

अफगानिस्तान, १० फागुन/एएफपी

पूर्वी अफगानिस्तानको एउटा फूटबल रङ्गशालामा बिहीवार दुईजना व्यक्तिलाई सार्वजनिकरूपमा मृत्युदण्ड दिइएको थियो । तालिबान सत्तामा फर्केपछिको यो तेस्रो र चौथो मृत्युदण्डको सजाय हो ।

गजनी प्रान्तका सूचना तथा संस्कृति विभागले एक सार्वजनिक सूचनामा 'आँखाको बदला आँखा' सरहको किसास सजायको मृत्युदण्ड भएको बताएको छ । यद्यपि प्रारम्भमा कैदी वा उनीहरूको अपराधका बारेमा विवरण दिइएको थिएन ।

सन् १९९६ देखि सन् २००१ सम्म तालिबानको पहिलो शासनको समयमा सार्वजनिक मृत्युदण्ड सामान्य थियो । सन् २०२१ अगस्तमा सत्तामा फिर्ता भएपछि तालिबानले अन्य दुईजनालाई मात्र मृत्युदण्ड दिएको छ । दुवै मृत्युदण्ड हत्याको अपराधका लागि थिए ।

चोरी, व्यभिचार र मदिरासेवनसहित अन्य अपराधहरूका लागि नियमितरूपमा सार्वजनिकरूपमा कोर्रा हान्ने सजाय दिइने गरिएको छ । तालिबानका सर्वोच्च नेता हिबतुल्लाह अखुन्दजादाले गत वर्ष न्यायाधीशहरूलाई सरियाका सबै पक्ष पूर्णरूपमा कार्यान्वयन गर्न आदेश दिएका थिए । यसमा किसासको सजाय पनि सामेल छ ।

अन्तिमपटक सन् २०२३ जूनमा मृत्युदण्ड दिइएको थियो । एक दोषी हत्यारालाई करीब दुई हजार मानिसको अगाडि लघमान प्रान्तको मस्जिदको मैदानमा गोली हानी मारिएको थियो । रासस

# तीव्र आँधीको आशङ्कामा मरिससद्वारा उडानहरू रद्द

पोर्ट लुइस (मरिसस), १० फागुन/एएफपी

मरिससले बिहीवार हिन्द महासागरको द्वीपमा बलियो उष्णकटिबन्धीय आँधी आएपछि उडान र विद्यालयहरू बन्द गरेको मौसम विज्ञान सेवाहरूले जनाएका छन् ।

एलेनोर नामक आँधी स्थानीय समयानुसार बिहान ४ बजे मुलुकभन्दा करीब २०० किलोमिटर उत्तरपूर्वमा रहेको र २० किलोमिटर प्रतिघण्टाको वेगमा अगाडि बढिरहेको मौसम सेवाले जानकारी दिएको छ ।

एक बुलेटिनमा भनिएको छ– "प्रारम्भमा हावा करीब ४० किलोमिटर प्रतिघण्टाको गतिमा दक्षिणपूर्व जानेछ । यो दिउँसो ११० किलोमिटर प्रतिघण्टासम्म पुग्नेछ र फेरि १२० किलोमिटर प्रतिघण्टाभन्दा बढी हुनेछ ।"

मुलुकको प्रमुख अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालकले हवाई सेवा बन्द हुने र राष्ट्रियवाहक एयर मरिससले बिहीवार बिहान प्रस्थानका लागि निर्धारित उडानहरू रद्द गर्ने बताएको छ । सार्वजनिक यातायात र विद्यालयहरू पनि बन्द गरिएका छन् ।

आफ्नो शानदार सेतो बलौटे समुद्री तटहरू र नीलो–हरियो पानीका लागि प्रसिद्ध दुर्गम टापु मरिसस कहिलेकाहीं चक्रवातको मार्गमा पर्छ । जनवरीमा उष्णकटिबन्धीय आँधी बेलालले एक व्यक्तिको ज्यान लिएको थियो र हजारौं मानिसलाई विद्युत्विहीन बनाएको थियो । भवनहरूमा पानी भरिएका थिए भने यातायात प्रभावित बनेको थियो ।

प्रत्येक वर्ष नोभेम्बर–अप्रिलमा दक्षिण–पश्चिम हिन्द महासागरमा करीब एक दर्जन आँधी वा चक्रवात आउँछन् । गत वर्ष फेब्रुअरीमा मरिससमा चक्रवात फ्रेडीका कारण भीषण वर्षा र आँधीले मलावी, मोजाम्बिक र मडगास्करलगायत सम्पूर्ण दक्षिण–पूर्वी अफ्रिकामा मृत्यु र विनाशको लहर ल्याएको थियो । रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# बिआरआई ऋणजालबारे अतरियामा अन्तर्क्रिया

प्रस, वीरगंज, १० फागुन/

राष्ट्रिय एकता अभियानले अतरियामा बिआरआई ऋण जालसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । चीनको बिआरआई परियोजनाप्रति नेपालको संवेदनशीलताबारे कार्यक्रममा छलफल गरिएको थियो । सहभागीहरूले बिआरआई ऋणको जाल भएको र राष्ट्रको सम्प्रभूतामा पर्ने असरबारे चिन्ता व्यक्त गरेका थिए । नेपाल–चीन सम्बन्धका सूक्ष्म जटिलताका बारेमा छलफल गर्दै विकसित भूराजनीतिक परिदृश्यका बीचमा राष्ट्रिय हितको रक्षा गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका थिए ।

सहभागीहरूले नेपालको स्वायत्ततामा खलल पार्ने चिनियाँ प्रयास भइरहेको र चिनियाँ दबाबको सामना गर्दै नेपालको सार्वभौमसत्तालाई सुदृढ गर्ने र यसको स्वतन्त्रतालाई कायम राख्ने सामूहिक सङ्कल्प लिएका थिए ।

अन्तर्क्रिया कार्यक्रममा नेपालको




राष्ट्रिय हितको रक्षाको आह्वान गरिएको थियो । सरोकारवालाहरूलाई सतर्कताका साथ सार्वभौमसत्ता कायम राख्न र दिगो आर्थिक विकास र भूराजनीतिक रणनीति अख्तियार गर्न सुझाइएको थियो ।

कृष्ण जोराको अध्यक्षतामा भएको कार्यक्रममा अभियानका संयोजक विनय यादव, जीत रावल, देवी मल्ल, डम्बर गुरु धामीलगायतको सहभागिता थियो । कार्यक्रमको सञ्चालन रमेशबहादुर पुजाराले गरेका थिए ।

# मौसम: आंशिक बदली एवं हल्का वर्षाको सम्भावना

काठमाडौं, १० फागुन/रासस

हाल देशमा पश्चिमी न्यूनचापीय प्रणालीको प्रभाव रहेको छ, जसका कारण बिहीवार देशभर आंशिकदेखि सामान्यतया बदली रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

आज दिउँसो देशभर आंशिकदेखि सामान्य बदली भएको छ । कोशी र मधेस प्रदेशलगायत देशको पहाडी भूभागका केही स्थानमा तथा मुलुकका बाँकी भूभागका एक/दुई स्थानमा मेघगर्जन एवं चटचाङसहित हल्का वर्षा भएको छ । देशका उच्च पहाडी तथा हिमाली भेगका केही स्थानमा हल्का हिमपात भएको पनि महाशाखाले जनाएको छ ।

आज राति कोशी, मधेस र बाग्मती प्रदेशलगायत देशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भागमा मौसम सफा रहनेछ । कोशी र गण्डकी प्रदेशका पहाडी क्षेत्रका एक/दुई स्थानमा छिटपुट वर्षाको सम्भावना छ । देशका उच्च पहाडी तथा हिमाली हिमाली क्षेत्रका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको महाशाखाको पूर्वानुमान छ ।

### जिब्रोको ...

एकदिन त घरमैं बोलाएर ख्वाउनुपर्‍यो । "कोदो र फापर त मीठो पो हुँदो रहेछ," रोटीलाई गोलभेंडाको अचारमा डुबाएर खाँदै उनले भनेकी थिइन् । त्यसपछि उनले कोदो र फापरलाई आफ्नो दैनिक भोजनका अङ्ग बनाइन् । हरियो तरकारी र टुसा उमारेको तरकारी चाहिं अफिसमा लैजान थालिन् । बिहान उठेर व्यायाम गर्न थालिन् । दुई महीनापछि त उनको तौल पाँच किलो कम भयो । उनको अनुहारको छालामा चमक आयो । त्यसपछि त्यति क्रम अगाडि बढाउँदै गएपछि अर्को छ महीनामा उनको तौल १० किलो कम भयो । सबैबाट धेरै प्रशंसा पाएपछि पारूले मलाई भनिन्, "तपाईंले मेरो रु ४० हजार त बचाउनुभयो नै, मलाई जीवनभरको ज्ञान दिनुभयो ।"

मेरा कति चिकित्सक साथीहरू त्यसमाथि पनि मोटोपन कम गर्नुपर्छ भनेर बिरामीलाई सिकाउने चिकित्सक साथीहरू त कस्ता मोटामोटा छन् । रक्तचाप र मधुमेहका बिरामी छन् तर न उनीहरू खाना छोड्न सक्छन्, न त योग गर्छन् । बरु समयसमयमा आफ्नो ठूलो भुँडी मसार्छन् र मीठो हाँसो हाँस्छन् । मेरो कुरा सुनेर पारू मरिमरि हाँसिन् र भनिन्, "तपाईंका चिकित्सक साथीहरूलाई सायद तपाईंको कुरा अझै पुगेको छैन ।"

प्रायः मानिसहरूलाई मोटोपनबाट छुटकारा पाउन निकै गाह्रो हुन्छ किनभने खाना खाएर, मज्जासँग सुतेर, तेल र मसला हालेको मासु खाएर, बियर पिएपछि तौल जति मज्जासँग बढ्छ । त्यति नै मज्जासँग घटाउन गाह्रो हुन्छ किनभने त्यस्ता खानेकुरा खाने मासिसलाई खान्नँ भन्न साह्रै गाह्रो हुन्छ । साथै व्यायाम, योग त झनै गाह्रो हुन्छ किनभने त्यसको लागि त कडा अनुशासन चाहिन्छ । बियर, मासु र तारेको आलुका स्वाद त जिब्रोमा यसरी बसेको हुन्छ कि त्यसको अगाडि पछि हुने दुखाइ पनि बिर्सिन्छ ।

मेरा एकजना मित्र छन् । उनलाई गाउँट भएको छ । समयसमयमा उनलाई यस्तो दुख्छ कि उनी घुँडामा हात राखेर खुट्टा खोच्याउँदै हिंड्छन् । एकचोटि त गाउँटले यस्तो चीसो पानीमा डुबाएर बस्नुपरेको थियो रे तर बियर देखेपछि त कसोकसो मन चञ्चल भइहाल्छ । कतिपय मानिस यस्तै खाना र बियरबाट हुने मोटोपनको कारण उच्च रक्तचापको रोगी भई 'पक्षघात' भएपछि पनि रक्सी, मासु, तेल हालेको खान छोड्दैनन् । बिस्तारै आत्महत्या गरिरहेका हुन्छन् । पुरुषहरू मात्र होइन, महिलाहरू पनि जिब्रोलाई तह लगाउन नसक्दा मोटोपनको कारणले गर्दा हुने समस्याले ग्रस्त हुन्छन् ।

एक संस्थामा कार्यरत शर्मिला नाकी मेरो घरमा आएकी थिइन् घुँडा दुख्ने समस्यामा केही योगासन सिक्न सकिन्छ कि भनेर । मैले उनलाई भनेकी थिएँ, "शर्मिला योगासन र व्यायामसँगै तिम्रो खानेकुरा पनि परिवर्तन गर्नुपर्छ ।" ८० किलोकी शर्मिलाले "लौन के के खाने सिकाइदिनुस् न" भन्दा मैले घरमा कोदो र फापरको रोटी र सुप बनाएर प्लेटमा राखेर खान दिंदा उनले भनिन्, "यस्तो कोदो र फापर त हाम्रो घरमा कुकुरले पो खान्छ ।" शर्मिलाको कुराले हाँसो त उठ्यो तर दुःख पनि लाग्यो ।

घुँडा दुखेर कसरी तौल कम गर्ने भनेर छलफल गर्न आएकी शर्मिलाको तौल दुई वर्षपछि पनि घटेको छैन । अहिले त उनलाई उच्च रक्तचाप भएको छ । घुँडाको दुखाइले गर्दा धेरै हिंड्न सक्दिनन् । उनलाई खानाको विषयमा चाहिं भन्न छोडिसकेको छु । जबसम्म कसैलाई मनबाट नै तौल घटाउँछु भनेर लागेको हुँदैन भने अरूले जति भने पनि लाग्दैन ।

मेरा एकजना आफन्तलाई झन्डै १५ वर्षअघि नै चिकित्सकले तौल घटाउन भात र आलु कम गर्न सल्लाह दिंदा बरु मर्छु तर आलु त खान छोड्न सक्दिनँ भनेका थिए । उनको त्यो बानीले उनलाई उच्च रक्तचाप र मधुमेहको रोगी त बनायो नै, एकचोटि झन्डै पक्षघात नै भएको थियो । अहिले उनको स्वास्थ्य त ठीक छ तर उनको खानाबाट आलु, चिनी, भात त गायब भएको छ । कोदो, फापर, चिनी नहालेको दूध र हरियो तरकारी उनको खाना बनेको छ । उनी अहिले बिहान एक घण्टा हिंड्छन् पनि । उनले सिके खाना कसरी खाने, हिंड्ने किन भनेर तर धेरै चर्को मूल्य तिरेर ।

हामीहरूमध्ये सायद धेरैजनाले त्यसरी नै सिक्नेछौं । मध्यमवर्गीय परिवारमा मात्र होइन, गाउँका मानिसहरूमा पनि विभिन्न किसिमका चाउचाउ, चिप्स आदिले गर्दा मोटोपनको समस्या बढ्न थालेको छ । मोटोपनको समस्याले गर्दा हुने समस्याले जीवनका धेरै क्षेत्रमा प्रभाव पार्छ । अकालमैं मृत्युको मुखमा पुर्‍याउँछ भन्ने जान्दाजान्दै पनि मानिसले किन जिब्रोको स्वाद रोक्न नसकेको होला ?

–लेखक जनस्वास्थ्यविद् हुन् । रासस)

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – मित्रमिलन |
| मिथुन – अतिथिआगमन | कर्कट – सुयश |
| सिंह – खर्चवृद्धि | कन्या – धनलाभ |
| तुला – सफलता | वृश्चिक – राज्यलाभ |
| धनु – रोगभय | मकर – व्यापारवृद्धि |
| कुम्भ – शत्रुपराजय | मीन – सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### तराई-मधेसको ...

हिनामिनामा मुछिएका कतिपय व्यक्ति, अनुसन्धान पूरा नहुँदै रिहा हुनुजस्ता घटनाले न्यायालयमाथि पनि प्रश्न सिर्जना भएको सांसद श्रेष्ठको भनाइ छ ।

निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई कुन रूपमा सञ्चालन गर्नुपर्ला भन्ने जिज्ञासामा उनले उक्त कोष चलाउने रहर नभएको बताए । हरेक सांसदको सिफारिशमा संसदीय क्षेत्रमा सन्तुलित र समानुपातिक विकास निर्माणका योजना पर्ने हो भने त्यस्ता कोषको आवश्यकता नपर्ने उनको बुझाइ छ ।

### तमोर ...

ओलाङ्चुङ्गोलाका वडा सदस्य टासी शेर्पाले बताए । सडक जोडिए पनि अगाडि चीनबाट खोल्दै ल्याएको ट्र्याक मरम्मतसम्भार गर्न केही समय लाग्ने फक्ताङ्लुङ गाउँपालिका–७ ओलाङ्चुङ्गोलाका वडाध्यक्ष छेतेन लामाले बताए । ओलाङ्चुङ्गोलामा सडक पुगेसँगै आगामी नयाँ वर्षमा आन्तरिक तथा बाह्य पर्यटकको उल्लेख्य आगमन हुने अपेक्षा गरिएको अध्यक्ष लामाले बताए ।

# खोप अभियान सफलताको लागि अभिमुखीकरण

दिनेशकुमार मिश्र, वीरगंज, १० फागुन/

पोखरिया नगरपालिकाको आयोजनामा दादुरा–रुबेला खोप अभियानबारे अभिमुखीकरण कार्यक्रम बुधवार सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

कार्यक्रममा अपेक्षित लक्ष्य हासिल नहुनु, लक्ष्यमा एकरूपता नहुनु, शून्य खोप र ड्रपआउटको सङ्ख्या बढ्दै जानु, पूर्णखोप दिगोपन कार्यक्रम प्रभावकारी नहुनुबारे छलफल गरिएको थियो।

स्वास्थ्य प्रमुख कौशलेन्द्र मिश्रले महामारी देखा परे पनि खोप खेर जाने दर उच्च रहेको बताए। उनले पूर्णखोप कार्यक्रम सम्पन्न गर्नु चुनौतीपूर्ण रहेको बताए। मिश्रले गर्भवती महिलालाई टिडी, जन्मनेबित्तिकै बच्चालाई बिसिजी दिनुपर्ने बताए। उनले छ हप्तापछि बच्चालाई रोटा, पोलियो, पिसिभी, डिपिटीलगायतका खोप दिन पनि आग्रह गरे।

कार्यक्रममा जनस्वास्थ्य निरीक्षक शिवकुमार पटेलले पोखरियामा फागुन १३–२२ गतेसम्म चल्ने खोप अभियानमा कुनै पनि बालबालिका नछुटोस् भनेर अभिमुखीकरण कार्यक्रम गरिएको बताए।

कार्यक्रममा उपप्रमुख रूबि ठाकुर, निमित्त प्रमुख प्रशासकीय अधिकृत अजयकुमार श्रीवास्तव, प्रधानाध्यापकद्वय ओमप्रकाश रौनियार र शङ्कर रौनियार, लोसपाका नेता नेजामुद्दीन समानी, वडाध्यक्ष प्रमोद गिरी, परमानन्दप्रसाद कुर्मी, किशोरी साह, पारस ठाकुर, नेरेसो पोखरिया उपशाखाका सभापति भगवान कुर्मी, निमित्त मेडिकल सुपरिटेन्डेन्ट सञ्जु कुमार, स्वास्थ्यकर्मी अमलेश्वर मिश्रलगायतको सहभागिता थियो।

# मुआवजा माग गर्दै राजमार्गमा प्रदर्शन



प्रस, निजगढ, १० फागुन/

निजगढ नगरपालिकास्थित तामागढी–सिम्रौनगढ सडक निर्माणका क्रममा सडकमा परेका जमीनको सरकारले मुआवजा नदिएको भन्दै बिहीवार पीडितहरूले पूर्व–पश्चिम महेन्द्र राजमार्ग अवरुद्ध गर्ने प्रयास गरे।

सम्बन्धित निकायहरूमा पटकपटक धाए पनि मुआवजा नपाएको भन्दै सिम्रौनगढ, कोल्हवीलगायतका स्थानहरूमा मुआवजापीडीतहरूले सरकारलाई आग्रह गर्दै आइरहेका तर सुनवाइ नभएको भन्दै राजमार्गमा प्रदर्शन गरेका थिए। करीब छ सयजना मुआवजापीडितले राजमार्गमा प्रदर्शन गरी आवागमन प्रभावित पार्दै आफ्ना मागहरू सरकारको कानसम्म पुऱ्याउने कोशिश गरेका थिए।

यो क्षेत्रका करीब चार हजारजनाले अहिलेसम्म मुआवजा पाएका छैनन्। दिउँसो १ बजेदेखि शुरू भएको प्रदर्शन जनपद र सशस्त्र प्रहरीलाई हटाउन समस्या भएको थियो। अहिलेसम्म मुआवजा नपाएको र सरकार गम्भीर नबनेपछि सङ्घर्षका कार्यक्रमसहित प्रदर्शनमा उत्रनुपरेको तामागढी–सिम्रौनगढ सहयोग मुआवजा सङ्घर्ष समिति बाराका अध्यक्ष अनवर अन्सारीले बताए। उनले मुआवजा नदिउन्जेलसम्म सङ्घर्षका कार्यक्रमहरू गरिने बताए। पाँच वर्षदेखि मुआवजाका लागि लड्दै आएको र अबको लडाइँ अन्तिम हुने उनले चेतावनी दिए।


## सुरक्षितरूपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्यरूपमा अभिमुखीकरण तालीम लिऔं,
- अनिवार्यरूपमा श्रम स्वीकृति लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारमा जानुअघि घरपरिवारसँग सरसल्लाह गरौं,
- मानसिकरूपमा तयार होऔं र
- आफ्ना सबै कागजातको एक/एक प्रति घरपरिवारलाई छोडौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## होटलमा चोरी

प्रस, रौतहट, १० फागुन/

गौर भन्सारनजीक रहेको पूजा होटलमा बुधवार राति चोरी भएको छ। होटलको छाना उप्काएर चोरले महँगा मदिरा चोरेको सञ्चालक सुनील गुप्ताले बताए। उनले होटलबाट २० हजार मूल्य बराबरको मदिरा चोरी भएको र यसबारे प्रहरीलाई जानकारी दिएको बताए।

उनले यस क्षेत्रमा चोरीका घटना बढ्दै जाँदा प्रहरीले कुनै चासो नदेखाएको आरोप लगाए।

### विमानस्थल ...

कम्पनी सञ्चालनमा छन् भने अन्तर्राष्ट्रियमा तीन नेपालीसहित ३० वायुसेवा कम्पनीले १६ देशका ३१ गन्तव्यमा सेवा दिइरहेका छन्।

नेपालले हाल ४२ मुलुकसँग द्विपक्षीय हवाई सेवा सम्झौता गरेको छ। पछिल्लोपटक गत माघ २३ गते नेपाल र स्वीट्जरल्यान्डबीच द्विपक्षीय हवाई सेवा सम्झौतामा हस्ताक्षर भएको थियो।

# खेलकूदको संसार

## नेपाल 'ए' पराजित, क्यानडाले जित्यो शृङ्खला

काठमाडौं, १० फागुन/रासस

एक दिवसीय शृङ्खलाको तेस्रो तथा अन्तिम खेलमा नेपाल 'ए' क्यानडा–११ सँग चार विकेटले पराजित भएको छ। जितसँगै तीन खेलको उक्त शृङ्खला क्यानडा–११ ले २–१ ले जित्यो।



पहिलो खेलमा क्यानडाले नेपाललाई चार विकेटले हराएको थियो भने दोस्रो खेलमा नेपालले क्यानडामाथि दुई विकेटको जीत हासिल गरेको थियो।

आज जीतका लागि १८२ रनको लक्ष्य क्यानडा–११ ले २८ दशमलव पाँच ओभरमा छ विकेटको क्षतिमा पूरा गऱ्यो। क्यानडा–११ को जीतमा निकोलस किर्तोनले ७७ बल खेल्दै छ चौकाको मदतमा सर्वाधिक ५८ रनको योगदान गरे। त्यसैगरी, नवनीत धलिवालले ३८, आरोजन जोनसनले ३६ तथा निखिल दत्तले १४ रन बनाए।

नेपालका लागि साहब आलमले चार विकेट लिए भने शेर मल्ल र बसिर अहमदले समान एक/एक विकेट लिए।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले ४७ ओभरमा सबै विकेट गुमाउँदै १८१ रनको योगफल बनाएको थियो। नेपालका लागि आशुतोष घिरैयाले सर्वाधिक २८ रनको योगदान दिए। त्यसैगरी, अर्जुन कुमालले २७ बनाउँदा बसिर अहमदले २५ तथा कप्तान सन्दीप जोराले २४ रन बनाए। सुजन थपलियाले २० तथा राशिद खान र प्रतीश जिसीले १९ रन बनाए।

क्यानडाका लागि डिलोन हेलिगर, निकोलस कीर्तन र हर्ष थोकरले समान दुई/दुई विकेट लिए भने कप्तान सादबिन जफर र कलिम सानाले समान एक/एक विकेट लिए।

## सखुवाप्रसौनी क्रिकेटः कालिकामाई विजयी

दिनेशकुमार मिश्र, वीरगंज, १० फागुन/

सखुवाप्रसौनी गाउँपालिकाद्वारा आयोजित दोस्रो सखुवाप्रसौनी क्रिकेट प्रतियोगिता २०८० अन्तर्गत बिहीवार सम्पन्न एकमात्र खेलमा कालिकामाई गाउँपालिका ११७ रनको फराकिलो अन्तरले विजयी भएको छ।



पहिला ब्याटिङ गरेको कालिकामाई गाउँपालिकाले निर्धारित १६ ओभरमा ७ विकेट गुमाएर १९५ रन बनाएको थियो। प्रतिउत्तरमा पर्सागढी नगरपालिका निर्धारित १६ ओभरमा सात विकेट गुमाएर ७८ रनमा सीमित भयो।

आजको खेलमा २६ बलमा ४८ रन बनाएका र चार ओभरमा १६ रन दिई तीन विकेट लिएका कालिकामाई गापाका योगराज शर्मा 'म्यान अफ दी म्याच' घोषित भए।

भोलि शुक्रवार दुई खेल हुने सखुवाप्रसौनी युवा समाजका सचिव सरोज पटेलले बताए। पहिलो खेल सखुवाप्रसौनी गापा र बहुदरमाई नपा तथा दोस्रो खेल कालिकामाई र जगरनाथपुर गापाबीच हुने उनले जानकारी गराए।

## अल्पाइन क्रिकेटः ग्लोबल बिजनेश र नेशनल इन्फोटेक विजयी

प्रस, वीरगंज, १० फागुन/

कर्फ्युको कारण स्थगित भएपछि बिहीवारदेखि पुनः सञ्चालनमा आएको प्रथम अल्पाइन क्रिकेट प्रतियोगिता २०८० अन्तर्गत आज सम्पन्न दुई खेलमा ग्लोबल बिजनेश र नेशनल इन्फोटेक कलेज विजयी भएका छन्।

पहिलो खेलमा ग्लोबल बिजनेश कलेजले ओम नेशनल एकेडेमीलाई पराजित गरेको थियो। पहिला ब्याटिङ गरेको ओम नेशनलले १६ ओभर एक बलमा सबै विकेट गुमाएर ५१ रन मात्र बनाउन सक्यो। प्रतिउत्तरमा ग्लोबल बिजनेश कलेजले ७.४ ओभरमा एक विकेट नोक्सानीमा सो लक्ष्यलाई पूरा गरी जीत हासिल गरेको थियो। पाँ विकेट लिएका ग्लोबलका रोहणकुमार साह 'म्यान अफ दी म्याच' घोषित भए।

यसैगरी, दोस्रो खेलमा नेशनल इन्फोटेक कलेजले मेरिगोल्डलाई १० विकेटले पराजित गऱ्यो। टस जितेर ब्याटिङ गरेको मेरिगोल्डले १४.३ ओभरमा सबै विकेट गुमाएर ५६ रन बनाएको थियो। यो लक्ष्यलाई नेशनल इन्फोटेकले पाँच ओभरमा विना कुनै विकेट नोक्सानी पूरा गऱ्यो।

दोस्रो खेलको 'म्यान अफ दी म्याच' अली मन्सुरी घोषित भए। उनले चार ओभरमा १९ रन दिएर तीन विकेट लिएका थिए।

# दादुरा–रुबेला खोप अभियानबारे रौतहटमा अभिमुखीकरण

प्रस, रौतहट, १० फागुन/

स्वास्थ्य कार्यालय, रौतहटले बिहीवार दादुरा–रुबेला खोप अभियानबारे अभिमुखीकरण कार्यक्रम गरेको छ। जिल्ला प्रशासन कार्यालय, रौतहटको सभाहलमा स्वास्थ्यकर्मी तथा सञ्चारकर्मीहरूलाई अभिमुखीकरण गरिएको हो।

'दादुरा–रुबेला रोग पूर्णरूपमा निवारण गरौं' नाराका साथ नौ महीनादेखि १५ वर्षमुनिका सबै बालबालिकालाई नछुटाइ खोप लगाउन कार्यक्रममा आग्रह गरिएको थियो। दादुरा अति छिटो सर्ने सङ्क्रामक रोग हो, जुन मिजल्स भाइरसको कारणबाट हुन्छ। रूबेला पनि भाइरसकै कारणबाट हुने दादुराजस्तै देखिने सङ्क्रामक रोग रहेको यो श्वासप्रश्वासको माध्यमबाट सर्ने बताइएको थियो।

दादुराले शरीरको बाहिरी छाला र भित्री पत्रहरूमा सङ्क्रमण गर्छ, जुन फोक्सो, आन्द्रा, भुँडी, आँखा, मुख र घाँटीमा रहेको हुन्छ। दादुराका भाइरसले दादुरा लागेको बेला शरीरको रोग प्रतिरोधात्मक क्षमतालाई हप्तौंसम्म क्षति पुऱ्याउने बताइएको थियो। यो रोग कुनै पनि उमेरका मानिसलाई र विशेषगरी पाँच वर्षमुनिका बालबालिकामा धेरै लाग्छ र छिट्टै महामारीको रूप पनि लिन सक्छ। त्यसैले बालबालिकामा अरू सङ्क्रामक रोग हुने सम्भावना पनि बढाउने कार्यक्रममा बताइएको थियो।

कार्यक्रममा बालबालिकामा दादुराको सङ्क्रमण भएमा गम्भीर प्रकारका जटिलताहरू देखा पर्नुका साथै मृत्युसमेत हुन सक्ने प्रस्तुति गरिएको थियो।




जिल्ला समन्वय समिति, रौतहटका अध्यक्ष रामअयोध्याराय यादवको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, सुरक्षा निकायका प्रमुख, नेपाल रेडक्रस सोसाइटीका सभापति राजकिशोरप्रसाद यादवलगायत जिल्लाका सञ्चारकर्मीहरूको सहभागिता थियो।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | अल्पाइन मावि | क्रिकेट प्रतियोगिता | नारायणी रङ्गशाला | ८:०० |
| २. | सखुवाप्रसौनी गापा | क्रिकेट प्रतियोगिता | सखुवाप्रसौनी खेलमैदान | ११:०० |